# परिच्छेद एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षका पाठ्यांश ५९८ को प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

ज्ञान आर्जनको माध्यम भाषा हो । भाषाद्वारा विचारको आदान प्रदान हुन्छ । यस्तो आदान प्रदानमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ संलग्न हुन्छन् । यी मध्ये सुनाइ र पढाइ आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् ।

भाषा सिकाइका क्रममा सबै सीपहरू एक आपसमा लेखिएका हुन्छन् । प्रारम्भमा सम्प्रेषणका लागि सुनाइ र बोलाइबाट काम चलाइन्छ भने पढाइ र लेखाइले भाषाको लेख्य पाठ्यरूपलाई प्रीतिनधित्व गर्दछ । लेखाइ ज्ञान एवं अनुभवलाई स्थिर, सञ्चित र चिरस्थायी बनाउने माध्यम हो । अभिव्यक्तिको प्रौढ र परिपक्व रूप र मौन रूपमा गुम्सिएर रहेका कुरा व्यक्त गर्ने एउटा महत्वपूर्ण माध्यम लेखाइ हो । अझ लेखेर नै जीविकोपार्जन गर्ने कलमजीवीहरूलाई यो अत्यावश्यक एवं आधारभूत सीप बन्न जान्छ । यसरी मानवीय जनजीवनमा लेखाइ सीपको प्रत्यक्ष सम्बन्ध रहेको छ । त्यसैले तल्लो तहदेखि नै विद्यार्थीहरूमा लेखनकलाको विकास गर्दै लैजानु अत्यावश्यक भइसकेको छ ।

निबन्धलेखनमा लेखाइ सम्बन्धी सम्पूर्ण ढङ्ग ढाँचा र लेखाइको मानक रूपमा विश्वास गरिन्छ । विभिन्न अनुच्छेदमा विचारको श्रृङ्खलाबद्ध अभिव्यक्तिको अपेक्षा निबन्धमा गरिन्छ । निबन्ध लेखनमा अनुच्छेद वद्धताले निकै महत्व पाउँछ । निबन्धलेखनमा अनुभव र ज्ञान सम्पन्नताको प्रशस्त हात रहन्छ । यो लेखन सीपको विकास गर्ने सरल माध्यम तथा विषय पनि हो र सफल निबन्धलेखनले लेखाइको प्रौढताको सङ्केत गर्दछ । निबन्ध अन्य साहित्यिक

विधाहरूभन्दा गहन भएको हुँदा सफल निबन्ध लेख्नुभन्दा पहिले विद्यार्थीहरूले सामान्यतः खास बस्तु चित्र अनुभव तथा घटनाका विषयमा लिखित अभिव्यक्ति दिन सक्ने हुनुपर्दछ ।

निबन्ध लेखन लेखाइ सीप विकासको महत्वपूर्ण आधार हो । बालबालिकाहरूलाई प्रारम्भिक कक्षाहरूमा उनीहरूसँग परिचित विषयमा छोटो निबन्धलेखनबाट लेखाइ सीप विकास गराउने प्रयत्न गरिन्छ । विद्यालय तथा विश्वविद्यालय तहका नेपाली पाठ्यक्रमले निबन्ध विधा शिक्षण तथा निबन्ध लेखन शिक्षणसम्बन्धी पाठ्यवस्तु छनोट गरी स्तरण गरिएको तथ्यले यसको महत्व अझ स्पष्ट हुन्छ । यसरी भाषा पाठ्यक्रमले निबन्ध लेखन सम्बन्धी पाठ्यवस्तुलाई महत्व दिइरहेको परिप्रेक्ष्यमा विद्यालय तहको कक्षा ९ मा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित समस्यालाई निम्नानुसार देखाइएको छ ।

क) कक्षा ९ मा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमता कस्तो छ ?

ख) सरकारी र निजी विद्यालयका विद्यार्थीहरूका निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

ग) लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

घ) भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी तथा नेपाली इतर मातृभाषीको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

ङ) कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूमा निबन्ध लेखन सम्बन्धी के कस्तो कमी कमजोरी रहेका छन् ?

प्रस्तुत अध्ययन मूलतः यिनै समस्याहरूमा केन्द्रित रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

क) कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु ,

ख) सरकारी र निजी विद्यालयका विद्यार्थीहरूका निबन्ध लेखन क्षमताको तुलना गर्नु,

ग) लैङ्गिक आधारमा छात्र र छात्राहरूको निबन्ध लेखन क्षमताको तुलानात्मक स्थिति पत्ता लगाउनु,

घ) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली इतर मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु ,

ङ) उल्लेखित विद्यार्थीका निबन्ध लेखन सम्बन्धी कमीकमजोरी पहिचान गर्नु ,

१.५ प्राक्कल्पना

क) सरकारी र निजी विद्यालयका कक्षा नौका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता समान छ ।

ख) छात्रछात्राको निबन्ध लेखन क्षमतामा कुनै अन्तर छैन ।

ग) नेपाली मातृभाषी र नेपाली इतर मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा खास अन्तर छैन ।

१.६ अध्ययनको औचित्य

भाषा मानवीय वस्तु हो । भाषाको महत्वपूर्ण कार्य विचार विनिमय गर्नु हो । मौखिक र लिखित दुवै ढङ्गबाट विचारको विनिमय हुन्छ । भाषाको मूल रूप मौखिक नै हो तर पनि शैक्षिक गतिविधि तथा प्रशासनिक कार्यमा भाषाको लिखित स्वरूपलाई उपयोगमा ल्याइन्छ । मौखिक भाषा सम्प्रेषणको आधारभूत माध्यम हो लिखित चाहिँ त्यसको विकसित रूप हो ।

साक्षरता भन्नाले लेखपढ गर्न जान्नु हो । साक्षरता शब्द भन्नाले विशेषतः शिक्षा क्षेत्रमा प्रचलित हुन्छ । लेखपढ गर्न जान्नु भन्नाले लिखित भाषालाई उपयोग गर्न सक्षम हुँदै जानु भन्ने बुझ्नु पर्दछ । अनुभव र ज्ञानलाई सञ्चित गर्न तथा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा सम्प्रेषित गर्न भाषाको लिखित माध्यमले विशेष महत्व राख्दछ । त्यसैले प्रारम्भिक तहबाट नै लेखाइ सीपको विकास गर्दै लैजानु अत्यावश्यक छ । लेखाइ सीपको विकास गर्नु निबन्ध लेखन प्रक्रिया प्रमुख कार्यकलापका रूपमा रहन्छ । विद्यार्थीको प्रबन्ध तथा निबन्ध लेखन प्रक्रियासँग अधिकांश लेखाइसम्बन्धी ज्ञानात्मक , संज्ञानात्मक पक्षहरूको आवश्यकता देखिन्छ । यसरी विद्यार्थीहरूमा विकसित लिखित क्षमता पहिचान गर्ने प्रमुख आधार निबन्ध लेखन भएको हुँदा यस अध्ययनमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमतालाई अग्रभूमिका रूपमा स्थापित गरिएको छ ।

कुनै पनि विषयमा केन्द्रित रहेर तथ्य र अनुभवका आधारमा गरिने क्रमबद्ध अभिव्यक्ति नै निबन्ध हो । यसमा निश्चियत विचारले प्रकट गरिन्छ । निबन्ध मूलतः दुई प्रकारमा बाँडिन्छ

वस्तुपरक र आत्मपरक । विषयवस्तुलाई प्रमुखता दिएर लेखिएको निबन्ध वस्तुपरक हुन्छ । यस्तो निबन्धमा वर्णन , विचार र विवरणको प्रस्तुतीकरण हुन्छ । आफ्ना मनका निजी भावनाहरूलाई महत्व दिएर लेखिएको निबन्ध आत्मपरक हुन्छ । यसमा वस्तुको परिचय भन्दा व्यक्तिको अनुभवलाई पोखिएको हुन्छ ।

निबन्ध सिर्जनात्मक लेखनकै एउटा पाटो हो । सिर्जनात्मक अभ्यास शीर्षकमा समसामयिक विषयहरू समावेश गरी अभ्यास गराउने लक्ष्यले नेपाली विषयका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा निबन्ध लेखनलाई जोड दिइएको छ । यसै परिप्रेक्ष्यमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययनले माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीको निबन्धात्मक क्षमता पहिचान गरी सोही आधारमा कक्षा शिक्षण गर्न सहयोग मिल्नेछ । सम्बन्धित तहका विद्यार्थीहरूको लेखाइ सम्बन्धी प्रौढताको क्षमता पहिचान गर्न र विविध रूपमा पृथक पृथक भाषिक पृष्ठभूमि भएका विद्यार्थीको निबन्धात्मक क्षमता पहिचान गर्न प्रस्तुत अध्ययन मार्गदर्शक बन्नेछ । माध्यमिक तहको पाठ्यक्रमले पढाइ लेखाइ सीपलाई विशेष जोड दिइएको देखिन्छ ।

वास्तवमा भन्ने हो भने निबन्ध विधा आफैंमा एउटा गहन तथा जटिल विधा हो । विद्यार्थीहरूको स्वतन्त्र लेखनका रूपमा यसलाई विभिन्न तहमा समावेश गरिएको पाइन्छ । त्यसैले यसले साहित्यका विभिन्न विद्यार्थीहरूमध्ये आफूलाई छुट्टै विद्यार्थीको अस्तित्वका रूपमा स्थापित गरेको छ ।निम्न माध्यमिक कक्षा देखि नै माध्यमिक पाठ्यक्रमको उद्देश्य अन्तर्गत पढाइ र लेखाइ मध्ये निबन्ध लेखनसँग सम्बन्धित उद्देश्य उल्लेख गरी त्यस आधारमा औचित्य पुष्टि गर्न सकिन्छ । एस.एल.सी . परीक्षासँग प्रत्यक्ष सम्बन्ध राख्ने विद्यार्थीको निबन्ध लेखन क्षमता पहिचान गरी आवश्यक परामर्श दिने उद्देश्यले प्रस्तुत अध्ययनलाई अगाडि बढाइएको हो । बदलिदो समयको अन्तरालसँगै पाठ्यक्रम पाठ्यसामग्री निर्माण शिक्षण प्रक्रिया र पद्धतिमा परिमार्जित गर्दै लैजान यो अध्ययन मार्गदर्शक बन्ने छ । विषयगत प्रश्नहरूको समस्या समाधान गर्न ठाउँ र परिस्थिति अनुसार लिखित अभिव्यक्ति दिन सक्ने क्षमता पहिचान गरी त्यसमा आवश्यक परिष्कार र परिमार्जन गर्दै लैजान सम्बन्धित व्यक्ति तथा निकायलाई प्रस्तुत अनुसन्धान अध्ययनको सन्दर्भ स्रोत बन्नेछ ।

निर्धारित उद्देश्य र विषयवस्तु अनुकूल विद्यार्थीहरूमा अपेक्षित क्षमता विकास हुन नसकिरहेको परिप्रेक्ष्यमा के भन्न सकिन्छ भने कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षकमा गरिएको अनुसन्धानबाटै यसको औचित्य पुष्टि भएको छ।

## १.७ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान गर्नु भन्दा पहिले त्यस विषयसँग सम्बन्धित पहिले भैसकेका अनुसन्धानहरूको अध्ययन गर्नु आवश्यक हुन्छ । वर्तमानलाई विगतले गतिशील बनाउने हुँदा आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्य मूलक बनाई सही मार्गमा हिंडाउन प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सम्बन्धित पूर्व अध्ययनहरूको विशेष महत्व हुन्छ । पूर्व कार्यको अध्ययनबाट नै आफूले गर्न लागेको कार्यमा अगाडि त्यस्ता कार्य भए नभएको बारेमा थाहा हुन्छ ।

प्रस्तुत शोध कार्य झापा जिल्लामा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धानको अध्ययनलाई आधार मानी हेर्दा यो शीर्षकमा खासै अनुसन्धान नभएको एक दुई अनुसन्धान मात्र भएका छन । तर लेखाइसँग सम्बन्धित शीर्षकमा विभिन्न अनुसन्धान भए पनि व्याकरणात्मक कोटी, त्रुटि विश्लेषण चिन्ह प्रयोग जस्ता क्षेत्रहरूमा अध्ययनलाई सीमित गरिएको छ। त्यसैले यहाँ पूर्व कार्यका रूपमा अनुसन्धान मूलक शोधकार्यका निष्कर्षहरू समावेश गर्न अनुकूल नभएपनि विभिन्न विद्वानहरूद्वारा विद्यालय तथा विश्वविद्यालय तहका लागि तयार पारिएका पाठ्यसामग्रीहरूका रूपमा उल्लेख गरिएका सम्बन्धित पाठ्यांसहरूको संक्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ ।

अधिकारी (२०५३) द्वारा लिखित नेपा.भाषा शिक्षण  नामक पुस्तक नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूका बारेमा चर्चा गर्ने क्रममा लेखाइ शिक्षणको अध्ययनका बारे कुरा गरिएकाले त्यसमा लेखाइ सीप विकास गर्न जोड दिइएको छ । जस अन्तर्गत लेखाइ सीपको महत्व आवश्यकता औचित्य लेखाइको प्रयोजन परक तह, लेखाइमा पाइने कमजोरी , त्रुटिका क्षेत्रहरू लेखाइ शिक्षणका कार्यकलापहरू लेखाइको शुद्धीकरण, अभ्यासिक र निर्देशित लेखन शिक्षणका क्रममा समेत विचार पुऱ्याउनुपर्ने कुराहरूको बारेमा उल्लेख गरिएको पाइन्छ ।

शर्मा र पौडेल(२०६०) को सह लेखन तयार पारिएको नेपाली भाषा र साहित्य शिक्षण नामक पुस्तक नेपाली भाषाका साथै साहित्य शिक्षण गर्नका लागि अति नै उपयोगी भएको मानिन्छ । त्यसमा पनि भाषिक कलाको विभिन्न रूपहरूको बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा लेखाइ सीपसँग सम्बन्धित कार्यकलापहरूमा यान्त्रिकता निर्देशित स्वतन्त्र तथा सिर्जनात्मक निबन्ध अभिव्यक्ति क्षमतासम्बन्धी अध्ययनहरूमा भएको पाइन्छ । यसका अतिरिक्त निबन्ध शिक्षण शीर्षकभित्र निबन्ध शिक्षणको प्रयोजन प्रक्रिया शिक्षणक्रम आदि

जस्ता उप शीर्षकहरूम निबन्ध विधालाई समेटिएको पाइन्छ । निबन्ध शिक्षणको प्रमुख प्रयोजन लेखनकलाको समुचित विकास गर्नु हो भन्दै यसको शिक्षण क्रममा प्रचलित विधिहरू प्रवचन विधि, छलफलविधि, पठनबोध विधि , प्रश्नोत्तर विधि, सूत्र विधि, स्वाध्ययन विधि, समीक्षा विधि तथा प्रस्तुतीकरण जस्ता विधिको चर्चा गरिएको छ ।

अधिकारी र शर्मा (२०६१) को सहलेखनद्वारा तयार पारिएको प्रारम्भिक नेपा.शिक्षण नामक पुस्तकको उल्लेख्य मानिन्छ । खासगरी माध्यमिक तहको पाठ्यक्रममा आधारित रहेर तयार पारिएको भए पनि नेपाली भाषा को शिक्षण प्रशिक्षणका क्षेत्रमा निर्माण गरिने विभिन्न पाठ्यक्रमहरूका लागि अत्यन्तै उपयोगी हुने देखिन्छ । नेपाली भाषा शिक्षा शिक्षणसँग सम्बन्धित यस पुस्तकमा शिक्षण अन्तर्गत लेखाइ शिक्षणको आवश्यकता प्रारम्भिक तहमा लेखाइ शिक्षणको स्तर निर्धारण, लेखाइ शिक्षणका कार्यकलाप, निर्देशित स्वतन्त्र र सिर्जनात्मक लेखाइ, लेखाइको शुद्धीकरण र पुनरावृत्ति जस्ता शीर्षकहरूमा चर्चा गएिको पाइन्छ । यस पुस्तकमा लेखाइ शिक्षणको स्तर निर्धारण लेखाइ शिक्षणका कार्यकलाप निर्देशित स्वतन्त्र र सिर्जनात्मक लेखाइ शुद्धीकरण र पुनरावृत्ति जस्ता शीर्षक आबद्ध गरी लेखाइ शिक्षण सम्बन्धी चर्चा गरिएको छ । लेखाइ शिक्षणका कार्यकलाप अन्तर्गत प्रबन्ध लेखन भनी उल्लेख गरिएको उपशीर्षकमा विचारको श्रृङ्खलावद्ध प्रस्तुति नै प्रबन्ध वा निबन्ध हो भनी परिभाषित गरिएको पाइन्छ । निर्देशित स्वतन्त्र र सिर्जनात्मक रूपमा वैचारिक प्रस्तुति निबन्धमा गरिने प्रसङ्गलाई कोट्याइएको छ ।

प्रबन्ध शिक्षणका कार्यकलापहरू उल्लेख गर्ने क्रममा मौखिक वर्णन, लिखित वर्णन, बोध, प्रश्नोत्तर चित्र, वस्तु, प्रतिमूर्ति वर्णन जस्ता लेखाइ सम्बन्धी अन्य अभ्यासहरूका चर्चा गरिएको छ । प्रबन्धलाई सुनाइ, बोलाइ, लेखाइ, पढाइका साथै शब्दोउच्चारण, हिज्जे तथा अन्य भाषिक ज्ञानका लागि उपयोगी हुन्छ भनी उल्लेख गरिएको भएपनि निबन्ध लेखन क्षमता सम्बन्धी कुनै चर्चा गरिएको छैन तर पनि अनुसन्धान अध्ययनका लागि प्रस्तुत सहलेखनबाट प्राप्त पुस्तक अत्यन्तै उपयोगी हुने देखिन्छ । शिक्षणीय प्रयोजनका क्रममा तयार पारिएको भएपनि अनुसन्धान अध्ययनका लागि सामग्री संकलन तथा व्याख्या विश्लेषणका क्रममा यिनै कुराहरूलाई आधार मान्नुपर्ने हुन्छ ।

निरौला(२०६२)द्वारा तयार पारिएको कक्षा ९ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन नामक अप्रकाशित शोध प्रस्तुत शोध शीर्षकसँग मिल्दो अनुसन्धान अध्ययन हो । यस शोधले विद्यार्थीहरूको लेखन विकासका साथै सिर्जनात्मक क्षमताको विकास के कसरी गर्न सकिन्छ ? कस्तो खालको विकास हुन्छ ?भन्ने बारेमा

जानकारी दिइएको छ । विशेष गरेर लेखाइ सीपसँग सम्बन्धित सीप विकास गर्न यसले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । प्रस्तुत शीर्षकको अध्ययनमा उद्देश्यहरू, कक्षा ९ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्न मातृभाषी र विमातृभाषी नेपाली विद्यार्थीहरूको निबन्ध लेखन क्षमता तुलना गर्नु , उनीहरूका कमी कमजोरी पत्ता लगाइ निराकरण गर्नु र सुझाव दिनु आदि रहेको छ ।

प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधिद्वारा काठमाडौं उपत्याकाका सरकारी निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको भिन्नतालाइ औंल्याइको छ । साथै मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरिएको छ । काठमाडौं उपत्याकाका १२ वटा विद्यालयहरूबाट जम्मा १२० जना विद्यार्थीहरूमा यो अध्ययन केन्द्रित छ ।

यसरी प्रस्तुत शोधमा सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीमा निबन्ध लेखन क्षमता न्यून रहेको, विमातृभाषी नेपाली विद्यार्थीको  दाँजोमा मातृभाषी नेपाली विद्यार्थीहरूको क्षमता बढी रहेको पाइन्छ । छात्रका तुलनामा छात्राहरूको निबन्ध क्षमता बढि देखाइएको निष्कर्ष पाइन्छ ।

भण्डारी (२०६३) द्वारा तयार पारिएको कक्षा ८ पूरा गरेको विद्यार्थीको निबन्ध लेखन अभिव्यक्ति क्षमताको अध्ययन नामक अप्रकाशित शोध प्रस्तुत शोध शीर्षकसँग मिल्दो अनुसन्धान हो । यस शोधमा विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको विकासका साथै सिर्जनात्मक क्षमताको विकास के कसरी गर्न सकिन्छ भन्ने बारेमा जानकारी दिइएको छ । उक्त शोधको उद्देश्य कक्षा ८ पूरा गरेका विद्यार्थीहरको निबन्ध लेखन क्षमताको अभिव्यक्ति सामार्थ्यको अध्ययन गर्नु, सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु तथा ग्रामीण र सहरी विद्यालयहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको अध्ययन गर्नु छात्र छात्राको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु रहेको छ । साथै निबन्ध लेखन क्षमता अभिवृद्धि गर्न उचित सुझावहरू दिएका छन् ।

## १.८ अध्ययनको सीमाङ्कन

जुनसुकै अध्ययनको पनि क्षेत्र परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेटन कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने

हुन्छ । निश्चित सीमाङ्कन नगरिएमा अनुसन्धान अध्ययनहरूको मार्ग विचलित हुने हुँदा प्रस्तुत अध्ययनलाई निम्न लिखित सीमामा आवद्ध गरिएको छ ।

क) झापा जिल्लाको कक्षा ६ वटा माध्यमिक विद्यालयबाट १०जनाको दरले जम्मा ६० जना विद्यार्थीबाट प्राप्त तथ्याङकहरूको विश्लेषणमा सीमित रहेको छ ।

ख) झापा जिल्लाको सतासीधाम गा.वि.स. अन्तर्गतका ३ वटा निजी र ३ वटा सरकारी गरी जम्मा ६ वटा विद्यालयका कक्षा ९ मा अध्ययनरत विद्यार्थीलाई आधार मानिएको छ ।

ग) अध्ययनको निष्कर्ष आफूले गरेको अध्ययनबाट प्राप्त तथ्यका आधारमा मात्र निकालिएको छ ।

## १.९ अध्ययन विधि

प्रस्तुत अध्ययन कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमतासँग सम्बन्धित भएकोले मूलत क्षत्रीय अध्ययन पद्धतिमा आधारित हुनेछ । यसका लागि निम्नानुसारको अध्ययन विधि र प्रक्रिया अनुसरण गरिनेछ ।

### १.९.१ जनसंख्या र प्रतिनिधि नमुना छनोट

शैक्षिक सत्र २०६९ मा माध्यमिक विद्यालय कक्षा ९मा अध्ययनरत विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसंख्याका रूपमा लिइएको छ , तर अध्ययनको प्रयोजन समय र लगानी आदिका कारणले झापा जिल्लाभरिका सम्पूर्ण जनसंख्याको अध्ययन गर्न नसकिने तथा आवश्यक पनि नभएकोले अध्ययनको सीमाङ्कन क्षेत्र झापा जिल्लाभरिका मा.वि. तहका जम्मा ६ वटा विद्यालयबाट १० जनाका दरले जम्मा ६० जना विद्यार्थीहरूलाई नमुना जनसंख्याको रूपमा लिइएको छ ।

प्रतिनिधि नमुना छनोट गर्ने क्रममा झापा जिल्लाका मा.वि. को चयन गर्दा सामुदायिक वा निजी जस्तै श्री बाल निकुञ्ज उ.मा.वि. आँपटारी, श्री राष्ट्रिय रमणीय आदर्श उ.मा.वि. श्री झिलझिले मा. वि. र मेची अ.मा.वि. माइधाम, रेडरोज अ.मा.वि.माइधाम, ध्रुवतारा अ.मा.वि. दूधे मा अध्ययनरत विद्यार्थीबाट फरक फरक भाषिक पृष्ठभूमिबाट १०/१० जनाका दरले छनोट गरिएको छ । सोही क्रममा ग्रामीण निजीविद्यालयबाट ३०जना तथा सामुदायिक विद्यालयबाट ३०जना विद्यार्थीलाई अध्ययनका क्रममा लिइएको छ । सामुदायिक तथा निजी विद्यालय चयन गर्दा सदरमुकामबाट टाढाका माध्यमिक तहका विद्यालयलाई नमुनाका रूपमा लिइएको छ ।

### १.९.२ सामग्री निर्माण र निर्मित सामग्रीको पूर्व परीक्षण

अनुसन्धान अध्ययनका लागि सामग्री निर्माण गर्दा समसामयिक विषयलाई शीर्षकका रूपमा चयन गरिएको छ । निर्धारित शीर्षक विषयविशेषज्ञ विद्वानहरूको सल्लाह सुझाव समेटेर निबन्धको शीर्षक चयन गरिएको छ । यस क्रममा नमुना संख्या मध्येबाट अध्येताले २ वटा शीर्षक दिई पूर्व परीक्षण गरेर उत्तर पुस्तिकालाई विषयवस्तुको संयोजन प्रस्तुतीकरण, भाषिक शुद्धताका आधारमा नतिजा अनुसार एकवटा शीर्षकबाट सामग्रीको मानकीकरण गरी निर्मित निबन्ध विद्यार्थीलाई लेख्न प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री र सामग्रीको मानकीकरण जुटाउने प्रयत्न गरिएको छ ।

### १.९.३. तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्र्रीतिनधि नमुनाका रूपमा छनोट गरिएका माध्यमिक तहका विद्यार्थीबाट निर्धारित शीर्षक र समयमा निबन्ध लेखन गरिएको छ । नमुना जनसंख्याका रूपमा चयन गरिएका माध्यमिक विद्यालयबाट सङ्कलन भएका निबन्धलाई प्रक्रिया गत रूपमा विषयवस्तुको संयोजन प्रस्तुतीकरण र भाषिक शुद्धता गरी तिन पक्षमा केन्द्रित रहेर जाँच गरी वस्तुगत रूपमा अङ्क निर्धारण गरिएको छ । यसरी प्राप्त प्राप्ताङ्कलाई उत्तरपुस्तिकामा अङ्क गरिएको छ । निबन्धित उत्तरपुस्तिकालाई जाँच गर्न अनिवार्य रूपमा एस.एल.सी. परीक्षाको उत्तरपुस्तिका परीक्षणलाई आधार मानी निम्न आधारमा श्रेणी विभाजन गरिएको छ । जसमा परिचयका लागि १ अङ्क , विषयवस्तुको ज्ञानमा ३ अङ्क, विषयवस्तुको प्रस्तुतीकरणमा २ अङ्क, मौलिकतामा २ अङ्क निष्कर्षमा १अङ्क र भाषिक शुद्धतामा १ अङ्क रहेको छ ।

क) विषयवस्तुको संयोजनः  विषयवस्तुको प्रारम्भ, विषयवस्तुको ज्ञान विषयवस्तुको गहिराइ र संयोजन,

ख) प्रस्तुतीकरण : अनुच्छेद गठन आदि मध्य र अन्त्यको अनुक्रम निबन्धात्मक स्वरूप मौलिकता शब्द र भावको संयोजन, वाक्यहरूको परस्पर आन्तरिक सम्बन्ध

ग) भाषिक शुद्धता : वाक्यगठन , चिन्ह प्रयोग, वर्णविन्यास मानक भाषाको प्रयोग

१.९.४. तालिकीकरण व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनको शीर्षक लेखाइ सीपसँग सम्बन्धित हुने भएकाले तथ्य संकलनका क्रममा प्राप्त निबन्धमा अङ्कित प्राप्ताङ्कलाई लिङ्ग भाषिक पृष्ठभूमिमा माविको प्रकृतिको आधारमा समूहगत रूपमा वर्गीकरण गरी तालिकीकरण गरिएको छ । तथ्य विश्लेषणका क्रममा मध्यमान भन्दा तल कति प्रतिशत र मध्यमान भन्दा माथि कति प्रतिशत विद्यार्थी छन् भनेर गणना गरिएको छ । यसरी प्राप्ताङ्कका आधारमा उच्चतम् स्थान मध्यस्थान तथा निम्नतम् स्थानमा पर्ने विद्यार्थी हरूको वास्तविक संख्या पत्ता लगाउने प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरिएको छ । यसका साथै समग्र मध्यमान कै आधारमा विभिन्न चलहरूका बीच निबन्ध लेखन क्षमताको अवलोकन गरिएको छ । यसरी अध्ययनमा समाविष्ट विभिन्न चलहरूको समूहगत मध्यमान मानक विचलन तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा विद्यार्थीको निबन्ध लेखन क्षमताको पहिचान गरिएको छ ।

१.१० शोधको रूपरेखा

प्रस्तुत शोधको रूपरेखा निम्नानुसार रहेको छ ।

अध्याय एक - शोधको परिचय

अध्याय दुई - सैद्धान्तिक परिचय

अध्याय तिन - अध्ययन तथा व्याकरण विश्लेषण

अध्याय चार - तुलनात्मक विश्लेषण

अध्याय पाँच - निष्कर्ष तथा सुझावहरू

# परिच्छेद दुई

## सैद्धान्तिक परिचय

### २.१. निबन्धको सैद्धान्तिक परिचय

### २.१.१ पृष्ठभूमि

भाषा यादृच्छिक मानवीय वाक् विनिमयको प्रमुख साधन हो । मानव विकाससँगै भाषाको पनि क्रमिक विकास भएको पाइन्छ । सुरुमा औच्चार्य वा कथ्य भाषाका रूपमा रहेको भाषाको रूपमा रहेको भाषा नै पछि आएर लिपिवद्ध हुन थालेको पाइन्छ । समाजको विकाससँगै भाषाको पनि विकास हुँदै क्रमशः स्तरीयता प्रदान गर्न थाल्यो । भाषाले साहित्यिक स्वरूप ग्रहण गर्न थालेपछि यसका प्रमुख दुई भेद देखिन थाले । छन्दशास्त्रीय नियमअनुसार छन्दमा बाँधिएको भाषाको साहित्यिक रूपलाई पद्य र छन्दमुक्त साहित्यिक भाषिक स्वरूपालाई गद्य भन्न थालियो । लेख्य भाषाका यी प्रमुख भेद मध्ये निबन्ध गद्य भाषामा लेखिने आस्वादनका दृष्टिले साहित्यको श्रव्य भेद अन्तर्गत पर्ने आधुनिक साहित्यिक विधा हो । निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिँड्ने आत्म र वस्तु दुबै वा कुनै एक पक्षमा केन्द्रित तथा सुरुमा आभ्यासिक र पछि गएर स्वतःस्फूर्त पनि हुन सक्ने रमाइलो र गद्य छोटोगत विधा गद्यको अभिव्यक्ति क्षमता सबल र पौढ हुँदै गएपनि सिर्जित वस्तुको प्रकाशन, प्रसारण, विचरण र संरक्षण एवम् स्वपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रूपमा सिर्जना हुन थाल्यो । यसकारण विश्वसाहित्यमा निबन्ध कनिष्ठतम् विधा हो । (सुवेद, २०५६: १) यसैको परिणामस्वरूप नेपाली निबन्ध पनि नेपाली साहित्याकाशको कान्छो विधाको रूपमा देखापरेको छ ।

मानिस चिन्तनशील प्राणी भएकोले उसका पृष्ठभूमिमा अथाह ज्ञानराशि छन्  भने वर्तमान जीवन भोगाई तीतामीठा पक्षहरू उसका आखासामुन्ने हुन्छन् । यस्तै अगाध ज्ञानराशिबाट एक पक्षको सानो विन्दु टिपेर निबन्ध लेखनको थालनी हुन्छ ।  त्यसको पनि भेउ नदिएर सानो लेखाजोखा वा दिग्दर्शन मात्र निबन्धले गर्न सक्छ । त्यसो नगरी सर्वाङ्ग चर्चा गर्ने प्रयास भएमा त्यो पहुँच भन्दा टाढा जान्छ  । अनि त्यसले ग्रन्थ वा सोधप्रवन्धकै रूप पनि लिन सक्छ । यसरी सीमित घेरा भित्र रहेर असीमित विचार चिहाउने र लगभग आधा घण्टाको एक बसाइमा पढिसकिने गद्यमय अभिव्यक्तिले निबन्धको नाउ लिन पुग्छ ।

मानिसका मनमा नानाथरि कुराहरू व्यक्त अव्यक्त भएर रहेको हुन्छ । ती कुराहरू पानीको भल आउँदा झै एकैचोटि बाहिर निस्कने हुँदा व्यवस्थित अव्यवस्थित तवरले आउने गर्छन । यस्तो अवस्थामा अध्यापन र साधनाको घटबढले अभिव्यक्तिलाई पनि प्रभाव पारेको हुन्छ । किनभने निबन्ध लेखन पनि एउटा कला हो । साधना र अभ्यासले कलामा चमक ल्याउँछ ।

अध्यापन र अभ्यासले अभिव्यक्तिलाई खिलिरो र प्रौढ बनाउँछ । जसले गर्दा अभिव्यक्तिमा परिपक्वता आउँछ । अभिव्यक्तिको सीपमा जति परिपक्वता आउँछ निबन्ध पनि त्यतिकै प्रौढ बन्न पुग्छ । हुन पनि जलाशयमा जत्रो भाँडो डुबायो त्यति मात्र पानी निकाल्न सकिन्छ । भाषिक सीप र प्रस्तुति सामर्थ्यले निबन्धमा पनि यस्तै काम गरेको हुन्छ । अनुमति जतिसुकै तीव्र किन नहोस् अभ्यास नभएमा त्यसले विकसित रूप लिन सक्दैन । त्यसैले निरन्तर अभ्यास र साधना र विनानिबन्ध लेखन क्षमतामा अधरोपना आउन सक्छ ।

निबन्धले अन्य विधाहरूका माझ पनि आफ्नो अस्तित्व कायम गर्न सफल छ । प्रख्यात कवि सिद्धहस्त नाटककारहरू पनि निबन्ध विधालाई छुन्छन् र त्यसमा आफ्नोपनसमेत भरिदिन्छन् । यसरी काव्यकारिता, नाटकीयता र कथाकारिताको धेरथोर प्रभाव पनि निबन्धले ग्रहण गरेको हुन्छ । नभन्दै महाकवि लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा कविताको गन्ध पनि आउँछ भने बालकृष्ण समका निबन्धहरू नाटकीय प्रभावबाट मुक्त हुन सकेका छैनन् । यसरी कथा , कविता, नाटक र उपन्यासका छेउछाउ घुमे पनि निबन्ध आखिर निबन्ध नै हो । निबन्धले आकार , प्रस्तुति र प्रबन्धबाट आफ्नोपन स्पष्ट गरेको हुन्छ । निबन्धले आफ्नो क्षेत्रभित्र हास्यव्यङ्ग्यलाई पनि समावेश गराएको पाइन्छ । हाँस्यव्यङ्ग्यको समावेश अन्य विधाहरूमा गरिन्छ तर हास्यव्यङ्ग्यको मूल क्रीडाक्षेत्र भनेको निबन्ध नै हो । यसरी निबन्ध विधाले छुट्टै पहिचान कायम गरेको छ । छोटकरीमा निबन्ध विधालाई निम्नानुसार चिन्न सकिन्छ ।

- छोटो -छरितो गद्यविधा
- मनका कुरा पोख्ने माध्यम, धुलाको मसिनो कणदेखि विशाल ब्रम्हाण्डसम्म जुनसुकै विषयमा हुन सक्ने
- कुनै विषयमा आफू मिसिएर अथवा तटस्थ रहेर गरिने वर्णन
- निरन्तर अभ्यास र साधनाबाट लेखनकलाको विकास हुने
- प्रस्तुतिगत चमकता पाइने विधा
- आदि मध्य र अन्त्यको संगठन
- साहित्यका अन्य विधाहरूको छाप पनि निबन्धमा पाइने

वस्तुतः वास्तविक वा काल्पनिक विषयवस्तुमा केन्द्रित, छोटो , छरितो, खँदिलो, सुगठित र आलङ्कारिक भाषाशैलीयुक्त छोटो - छरितो अनुच्छेदमा विभक्त हार्दिक अनुभूतिको रागात्मक पोखाइ भएको ललित गद्यबन्धनमा संरचित, साहित्यिक रचना नै निबन्ध हो ।

## २.१.२ निबन्ध : व्युत्पत्ति र अर्थ

'निबन्ध' शब्दको अर्थ पूर्वीय एवम् पाश्चात्य विद्ववानहरूले आ-आफ्नै किसिमले अर्थ लगाएका छन् । तैपनि यस शब्दको उच्चारण गर्ने वित्तिकै पाठक र समालोचकका मनमा एउटा बिम्ब आउँछ त्यो ललित गद्य भाषाको छोटो संरचना हो निबन्ध । पूर्वीय साहित्य इतिहासलाई नियाल्दा निबन्धको शाव्दिक प्रयोग निम्नानुसार हुँदै आएको भेटिन्छ । नि उपसर्ग लागेको बन्ध धातुमा धञ प्रत्यय हुँदा निबन्ध शब्द बन्दछ र यसको शब्दार्थ वा मौलिक अर्थ राम्ररी बाँध्नु हो । ( उपाध्याय, २०५८:१६०)

भगवत् गीतामा ' निबन्धायासुरी मता' भनेर सांसारिक मायामा बाँधिने अर्थमा निबन्ध शब्द आएको छ भने हेमचन्द्रले यसको प्रयोग सङ्ग्रहग्रन्थ, बन्धन र मूत्ररोग निरोध का अर्थमा निबन्धको प्रयोग गरेको छन् । प्राचीन कालमा लेख लेखिएका भोजपत्रहरूलाई तह लगाएर बाँध्ने वा सिउने जुन क्रिया हुन्थ्यो त्यसैलाई बुझाउने अर्थमा निबन्ध शब्दको प्रयोग हुन्थ्यो । (हिन्दी साहित्यकोश, ज्ञानमण्डल लिमिटेड, वनारस, सं. २०१५) । कागत र मुद्रणयन्त्रको आविष्कार भइनसकेको प्राचीन समयमा लेखकहरूले भोजपत्र वा ताडपत्रमा लेख्नु र आफ्नो लेखोट हराएर, नासिएर जालान भनी सिलसिला मिलाएर तिनलाई राम्ररी सूत्रमा उनेर राख्नु आवश्यक देखियो । त्यो उन्ने काम राम्ररी हुनुपर्छ । वामन शिवराम आप्टेद्वारा सम्पादित संस्कृति-हिन्दी शब्दकोशमा निबन्धका बाँध्नु, जोड्नु, आशक्ति, रचना, कुनै साहित्यिक ग्रन्थ वा कुनै कृतिको टीका, कुनै सङ्ग्रह, शृङ्खला आदि अनेक अर्थ दिइएको छ । - उपाध्याय२०५८:१६०)।

पश्चिममा साहित्यिक विधा विशेषका अर्थमा 'निबन्ध' शब्दको प्रयोग सन् १५८० मा फ्रान्सका विद्वान् मोन्तेन [Michel De Montaigne] बाट भएको हो । शब्द व्युत्पत्तिको विकासलाई हेर्दा ग्रीसेली भाषाको एसाइज [Essais] शब्दबाट अंग्रेजीमा एस्से [Essay] भएको हो । यसको मौलिक अर्थ प्रयास वा प्रयत्न हो । ( थापा २०५०: १८५) अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरी अफ करेन्ट इङ्लिसमा यसलाई कुनै पनि विषयमा लेखिएको सङ्क्षिप्त गद्यात्मक रचना पनि भनिएको छ । नेपाली साहित्यमा सामान्यतया निबन्ध यसैको पर्यायका रूपमा प्रयुक्त छ । ( उपाध्याय २०५८:१६१)

'निबन्ध' शब्द संस्कृतिबाट तत्सम शब्दका रूपमा नेपालीमा आएको हो । यसको शाब्दिक अर्थ हुन्छ पूरै बन्धन गर्नु वा कसिएको रूप, तर साहित्यिक विधामा निबन्ध शब्द अंग्रेजीको एस्से [Essay] शब्दको पर्यायवाची भए आएको छ । कुनै पनि विषयमा आफू रङ्गिएर वा तटस्थ रहेर गरिएको सङ्क्षिप्त गद्यमय अभिव्यक्ति निबन्धको अर्थ हो । कुनै वस्तु वा विषयबारे त्यसको

स्वरूप, प्रकृति र गुण दोषमा लेखकको निजी चिन्तनधारा निबन्धले बोकेको हुन्छ । वास्तवमा आज निबन्ध शब्द ल्याटिन एलिग्जियर फ्रेन्चको एसाइज र अंग्रेजीको एस्सेको अनुवाद भएर देखा परेको छ ।

यसको शाव्दिक अर्थ हुन्छ परीक्षण र प्रयत्न । निबन्ध बढी सरल, स्वच्छन्द आडम्बरहीन व्यक्तित्वमिश्रित र पाठकसँग नजिकको साइनु राख्ने खालको हुन्छ । छरिएर रहेको चिन्तनभित्र पनि अन्तः सम्बन्ध र उन्मुक्त अभिव्यक्तिभित्र पनि नियमित रखाइ निबन्धको आफ्नो विशेषक्षमता हो । वर्तमान समयमा निबन्धको शाव्दिक अर्थसँग अझ स्पष्ट हुन नेपाली शब्दकोशका शाब्दिक अर्थहरूलाई नियाल्नु सान्दर्भिक ठानिन्छ ।

नेपाली बृहत शब्दकोश ( ने.रा.प्र.प्र.काठमाडौ, २०५०: ७३१) मा निबन्ध शब्दको अर्थ यसरी लगाइएको छ : कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना, साहित्यको एक गद्य विधा निबन्ध हो ।

हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई (सम्पा. प्रयोगात्मक शब्दकोश विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि. काठमाडौ, (२०६१:५५१) मा निबन्ध शब्दको अर्थ निम्नानुसार दिइएको छ । 'कुनै वस्तु विचार तथा भावको शृङ्खलाबद्ध अभिव्यक्ति भएको गद्यरचनाको एक विधा प्रबन्ध /निबन्ध आत्मपरक र वस्तुपरक दुवै शैलीमा लेखिन्छ।'

यसरी हेर्दा निबन्ध साहित्यिक विधाहरूमध्ये एक गद्य विधा हो । यसमा विचार तथा भावको शृङ्खलाबद्ध अभिव्यक्ति हुन्छ । निबन्धकारको शैलीअनुसार आत्मपरक र वस्तुपरक गरी निबन्धलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ । वर्तमान निबन्धको अर्थ बन्धनको नजिक नजिक छ र अर्थसंकोच भई साहित्यको एक विधाको रूपमा प्रयुक्त छ । साहित्यका गद्य र पद्य गरी दुई प्रमुख पाटामध्ये गद्य भएर पनि अझ आख्यानहीन आत्माको रागात्मक अनुभूतिको प्रस्तुति, ललित शैली, छोटो बसाइमा पढिसकिने गद्य भाषामा लेखिएको रचना नै निबन्ध हो ।

२.१.३ निबन्धको परिभाषा

फ्रान्स र बेलायतमा निबन्धको जन्म ईस्वीको सोह्रौ शताब्दिको उत्तरार्द्ध ई. १५८० मा भएको हो । यसको श्रेय फ्रान्समा मोन्तेन र बेलायतका बेकनलाई जान्छ । मोन्तेनले उन्मुक्त रूपमा साना साना आकारका गद्य रचनामा भावना प्रवाह वगाएका छन् । उनले नयाँ ढङ्गबाट नयाँ कुरा लेख्ने प्रयत्न गरे र त्यो प्रयत्न नै एस्से वा निबन्ध विधाका रूपमा स्थापित भएको हो । आफ्ना प्रयत्न बारे मोन्तेनको विनम्र भनाइ यस्तो छ :- ' यी मेरा स्वच्छन्द कल्पना विलास हुन यिनबाट म कुनै नौलो वस्तुको आविष्कार गरेँ भन्ने स्वाङ् पार्दिन र मेरो काम केवल आफ्नो हृदय

खोलेर देखाउनु हो । ' बेकनले ई १५९६ मा निबन्धकलालाई अंग्रेजीमा भित्र्याएका हुन् । उनको भनइ छ 'निबन्ध विकीर्ण चिन्तन हो ।'

हड्सन [Hudson] ले आफ्नो पुस्तक [ An Introduction to the study of literature] मा भनेका छन् । मोटामोटी रूपमा कुनै पनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मुख्य विशेषता हो अपेक्षाकृत सङ्क्षिप्तता र पट्यारलाग्दोपनाको अभाव ।

हिन्दीका आचार्य रामचन्द्र शुक्लको विचारमा : 'यदि गद्य कविहरूको कसी हो भने निबन्ध गद्यको कसी हो । '

महाकवि लक्ष्मीप्रसाद देवकोटा निबन्धका बारेमा भन्छन् : यो टेबिल गफ हो , चस्मादार अध्यापकको व्याख्यान होइन, न त बमनवेदान्त । यसमा ठर्रोपना हुँदैन , यो लच्किन्छ र घनिष्ठतातिर ओर्लिन्छ । ( देवकोटा, २०६४:४) ।

हृदयचन्द्रसिंह प्रधानका विचारमा निबन्धमा लेखकले कलमको पछि-पछि दौडेर मात्र पुग्दैन, पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने कोसिस पनि गर्नुपर्छ । परिमार्जित र परिपक्व दृष्टिकोणलाई व्यङ्ग्य , हाँस्य र ठट्यौलीपन मामुली तवरबाट पोख्दै जानुपर्छ ।

बालकृष्ण पोखरेलका विचारमाः सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मकता हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेर अदृश्य श्रोतालाई सुनाएको गन्थन हो ।

बदरीनाथ भट्टराईका विचारमा : निबन्ध सत्य वस्तु देखाउने लेखकीय अन्तर्ज्योतिको शाब्दिक स्वरूप हो ।

माथि उल्लेख गरिएका परिभाषाहरूको आधारमा के भन्न सकिन्छ भने कविता जस्तै निबन्धलाई पनि निश्चत परिभाषामा बाँध्न सकिन्न, तर पनि विभिन्न विद्वानहरूको पृथक्-पृथक् धारणामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले निबन्धका केही आवश्य तत्वहरूको उल्लेख गरेको पाइन्छ । यसै पृष्ठभूमिमा आवश्यकताको दृष्टिले निबन्धमा गद्यात्मकता, लघुता, वैयक्तिकता, घनिष्ठता हुनुपर्दछ भन्न सकिन्छ । संक्षेपमा निबन्धमा वैयक्तिक विचार वा अनुभूति विशेषको गद्यात्मक अभिव्यक्ति हुन्छ ।

वास्तवमा निबन्ध भनेको गद्यमा अभिव्यक्त भएको व्यक्तिको आत्मप्रकाशन हो त्यसैले साहित्यमा अन्य विधाका तुलनामा निबन्ध मुक्तक कविताको धेरै नजिक हुन्छ । निबन्धमा कथाको एकोन्मुखता, एकाङ्कीको तीव्रता र समालोचनाको निर्भीकता र निष्पक्षता हुन्छ । एकातिर गीतको सरलता, सरसता र कोमलता हुन्छ भने अर्कातिर त्यही गीतिशिल्पको कलात्मक तीव्रता र

प्रभावोत्पादक हुन्छ । अनुभूतिको तीक्ष्णता, विचारको सशक्तता कल्पनाको तीव्रतालाई निबन्धका आवश्यक गुणको रूप लिन सकिन्छ ।

## २.२ भाषिक सीप र निबन्ध विधा

### २.२.१ भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक र लेखाइ सीप

#### २.२.१.१ भाषापाठ्क्रम

भाषा मानवीय वस्तु हो । मान्छेका मनमा लागेका कुराहरूको आदानप्रदान तथा सिर्जनात्मक प्रस्तुतीकरणको माध्यम भाषा हो । समुदायमा सम्पूर्ण ज्ञानविज्ञान तथा क्रियाकलापहरू भाषाकै माध्यमबाट चलिरहेकै हुन्छ । विद्यार्थीहरूमा भाषिक सीप विकासका निमित्त भाषापाठ्यक्रमको आवश्यकता पर्दछ । भाषापाठ्यक्रम भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । भाषाशिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्ग दर्शकको काम गरेको हुन्छ । भाषिक सीपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरू आर्जन गर्नका निमित्त गरिने सम्पूर्ण प्रयास भाषापाठ्यक्रमअन्तर्गत पर्दछन्। वास्तवमा पाठ्यक्रम समग्र शैक्षिक गतिविधिको मार्गदर्शक हो । अरु पाठ्यक्रम जस्तै गरी भाषापाठ्क्रमले पनि विद्यालयभित्र र बाहिर विद्यार्थीहरूले गर्ने सम्पूर्ण अनुभवलाई समेट्दछ । भाषिक सीपसँग सम्बन्धित बोधअन्तर्गत श्रुति र पठन तथा अभिवयक्तिअन्तर्गत श्रुति र पठन तथा अभिव्यक्रिअन्तर्गत बोलाइ र लेखाइ सीपहरू पर्दछन् । कुनै पनि तह वा कक्षाका लागि भाषाशिक्षण गर्न वा लक्षित भाषाका सीप र समझहरू स्तर अनुकूल विकासका लागि निर्माण गरिने मार्गदर्शक कार्यक्रम भाषापाठ्यक्रम हो । (शर्मा र पौडेल, २०६०)

#### २.२.१.२ भाषापाठ्पुस्तक

जुनसुकै शिक्षा व्यवस्थामा पनि पाठ्यपुस्तकको जरुरत पर्दछ । हाम्रो जस्तो देशमा विद्यालयमा हुने सम्पूर्ण कार्यक्रम पाठ्यपुस्तकमै केन्द्रित हुन्छन् । पाठ्यपुस्तक शिक्षक विद्यार्थी दुवैका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ । पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य प्राप्तिका लागि विद्यार्थी र शिक्षकलाई मार्गदर्शन गर्ने काम पाठ्यपुस्तकले गर्दछ । पाठ्यपुस्तकले विद्यार्थीहरूलाई गृहकार्य, पुनरावृत्ति र अभ्यास गर्नु सहयोग गर्दछ । पाठ्यपुस्तक कति लोकप्रिय हुन्छ भने यसलाई 'मुद्रित शिक्षक' समेत भनिन्छ । (अधिकारी र शर्मा, २०६१: २४)

कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरूप लेखिएका हुन्छन् । भाषापाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रम अनुरूप तयार गरिएको हुन्छ । यो भाषाशिक्षण सिकाइको महत्वपूर्ण आधिकारिक सामग्री हो । भाषापाठ्यक्रम भाषाशिक्षण सिकाइको

सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपूस्तक त्यसैको व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्यपूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषापाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, सांवेगिक वौद्धिक पक्षका साथै उनीहरूको रुचि, आवश्यकता तथा सिकाइ प्रवृतिसमेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बाँधी तयार गरिएको हुन्छ । भाषापाठ्यपुस्तकहरूमा भाषा साधन र विषयवस्तु साध्यवस्तु हुन्छ भने भाषापाठ्यपुस्तकमा भाषा नै साधन र साध्य दुवै हुन्छ । यसको अर्थ भाषापाठ्यपुस्तकमा भाषा सिक्ने साधनका रूपमा मात्र विषयवस्तुलाई लिइन्छ ।

२.२.१.३ लेखाइ सीप

भाषापाठ्यक्रमको निर्देशनमा भाषापाठ्यपुस्तकको निर्माण गरिन्छ । भाषापाठ्यपुस्तकमा भाषालाई साधन र साध्य दुवै रूपमा समावेश गरिएको हुन्छ । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइसँग भाषापाठ्यक्रम तथा पाठ्यपुस्तक केन्द्रित रहन्छन् । भाषाद्वारा व्यक्तिले एक अर्काको विचार तथा भावनाको आदान प्रदान गर्छ । यस्तो आदानप्रदानमा यिनै चार सीपहरू संलग्न हुन्छन् । यी मध्ये सुनाइ र पढाइ बोध वा आदानत्मक प्रकृतिका भाषिक सीप हुन भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् । आफ्ना मन मस्तिष्कमा रहेका भाव एवम् विचारलाई लिपिचिन्हहरूको प्रयोगद्वारा सिलसिला मिलाइ व्यक्त गर्नुलाई लेखाइ भनिन्छ । लिपिचिन्ह, लेख्ने योग्यता, सही हिज्जेको जानकारी तथा आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ उपयोगी हुन्छ । विद्यार्थीमा लेखनसीप विकास गराउन चित्रवर्णन, अनुलेखन, श्रुतिलेखन, चिठीलेखन, भाव व्याख्या, कथालेखन, कवितालेखन अनुच्छेदलेखन, प्रतिवेदन, निबन्ध लेखन जस्ता लेखनकलासँग सम्वन्धित कार्यकलापहरू गराइन्छ । भाषिक संरचना तथा शब्दभण्डारको ज्ञान हुनु लेखाइ सीप विकास गर्न महत्वपूर्ण कुरा हो ।

भाषाका चारै सीपहरू एक आपसमा सम्बन्धित छन् । यिनीहरूको आआफ्नै महत्व रहेको हुन्छ । मूलतः लेखाइकला मार्फत आफूले आर्जेका ज्ञान तथा अनुभवहरूलाई भविष्यका लागि सञ्चित गर्न सकिने हुँदा यस अर्थमा सुनाइ, बोलाइ, पढाइ सीपहरूभन्दा लेखाइ सीपको अझ महत्व रहेको छ भन्न सकिन्छ ।

२.२.२ लेखाइ शिक्षणको आवश्यकता र महत्व

आफ्ना अनुभव एवम् विचारलाई लिपिवद्ध गर्नु लेखाइ हो । लिपि चिन्ह लेख्ने योग्यता सही हिज्जेको जानकारी तथा आफ्नो विचार कसरी अभिव्यक्त गर्ने भन्ने क्षमता विकास गर्ने शिक्षणलाई लेखाइ शिक्षण भनिन्छ लेखाइ अभिव्यक्ति को विशिष्ट सीप हो । आफ्ना अनुभव एवम् विचारलाई

विस्तृत परिवेश दिँदै प्रस्तुत गर्न र आफ्ना अभिव्यक्तिहरूलाई पछिसम्म उपयोगी हुन सक्ने बनाउन लेखाइको आवश्यकता पर्दछ । लेखाइ क्षमताको विकास गराउन विद्यार्थीहरूलाई मौखिक भाषाको अभिव्यक्तिका साथ साथै लिखित भाषाको अभिव्यक्तिप्रति तहगत स्तरीयताको आधारमा सचेत गराउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । आफूले आर्जेका सामाजिक साँस्कृतिक आदि पक्षका ज्ञान तथा अनुभवहरूको विवरण अरु समक्ष प्रस्तुत गरी उनीहरूको फाइदा पुऱ्याउन र त्यसरी प्रस्तुत गरेको विवरणबाट आफूले पनि फाइदा लिन लेखनकला उपयोगी हुन्छ । जसलाई अझ उपयोगी बनाउन लेखाइ शिक्षणको महत्वपूर्ण भूमिका रहन्छ ।

सिर्जनात्मकता शक्तिको विकास गराउन तथा लेखनमा गति, क्रमबद्धता र संक्षिप्तता ल्याउन पनि लेखाइ शिक्षणको महत्वपूर्ण भूमिका रहन्छ । विभिन्न विषय, अभिव्यक्ति र प्रसङ्गअनुसार भाषिक शैलीको चयन गर्ने क्षमता विकास गराउनका साथै हिज्जे, चिन्ह र अनुच्छेद मिलाएर लेख्ने सीपको विकास गर्न लेखाइ शिक्षण उपयोगी हुन्छ । सफा अक्षरमा लेख्न, व्याकरणसम्मत भाषाको प्रयोग गर्ने क्षमता बढाउन लेखाइ शिक्षण महत्वपूर्ण हुन्छ ।

लेखनकला आफैँमा शिक्षण सिकाइको महत्वपूर्ण अङ्ग हो । सम्पूर्ण कक्षा कार्यकलापहरू लेखनकै सेरोफेरोमा सञ्चालित हुन्छन् । लेखनकै माध्यमले भाषिक तथा संज्ञानात्मक कार्यकलापहरू गराइन्छन् । प्रारम्भिक तहदेखि माथिल्लो तहसम्म शैक्षिक मूल्याङ्कनको प्रक्रियाले लेखन सीपसँग सोझो सम्बन्ध राख्दछ । लेखनकलामा कमजोर हुँदा कुनै पनि तह पूरा गर्न समस्या पर्न सक्छ, त्यसैले यस्तो अवस्था सिर्जना नहोस् भन्नका लागि विद्यार्थीहरूमा लेखन क्षमता बढाउदै लैजानु अत्यावश्यक भइसकेको छ । लेखन क्षमताको विकास गर्दै लैजान लेखाइ शिक्षणले पृथक-पृथक तहमा आ-आफ्नौ महत्व राख्दछ । यसरी विद्यार्थीहरूमा लेखनकलाको विकास गर्दै लैजान लेखाइ शिक्षणको विकल्प छैन भन्दा सन्देह लाग्दैन ।

### २.२.३ लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान

भाषाका दुई स्वरूपहरू हुन्छन् मौखिक र लिखित । मनका अन्तर्भावनाहरूलाई ध्वन्यात्मक संकेतमा अभिव्यक्त गर्दा मौखिक भाषा तयार हुन्छ । ध्वन्यात्मक संकेतहरूलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । लेखाइबाट मानिसले आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्छ । लेखाइ कुनै पनि स्थान र सीमामा बाँधिन सक्दैन । लेखाइ शाश्वत र सार्वभौम हुन्छ । भाव प्रकाशनको माध्यम लेखाइ सीपबाट विषयवस्तुलाई छान्ने त्यसै अनुरूप वाक्य संरचना तथा शब्दावलीको छनोट गर्ने क्षमता विकास हुन्छ । विद्यार्थीहरूमा लेखनकलालाई परिष्कृत, परिमार्जित र विकसित गर्दै लैजान विभिन्न विधाहरूको लेखन अभ्यासले सहयोग प्राप्त

हुन्छ । त्यसैले प्रारम्भिक तहदेखि नै चित्रवर्णन, यात्रावर्णन, अनुलेखन, श्रुतिलेखन, निवेदनलेखन जस्ता विभिन्न लेखनकलासँग सम्बन्धित क्रियाकलापहरू गराएर विद्यार्थीहरूमा लेखन क्षमता बढाउन प्रयत्न गरिन्छ । तहगत आधारमा दैनिकी लेखन, बुँदाटिपोट, भावविस्तार, सारांश अनुच्छेदलेखन, निबन्धलेखन, प्रतिवेदन लेखन लगायत अन्य सिर्जनात्मक, निर्देशित तथा आभ्यासिक लेख लेख्न लगाएर विद्यार्थीहरूको लेखन क्षमतामा विस्तार गर्दै लैजाने प्रयास गरिन्छ ।

निबन्ध लेखन लेखनकलाको महत्वपूर्ण कार्यकलाप हो । यसबाट स्वतन्त्र र निर्देशित दुवै किसिमका अभ्यासहरू गराउन सकिन्छ । बालबालिकाहरूलाई प्रारम्भिक कक्षाहरूमा उनीहरूसँग परिचित विषयमा छोटो निबन्ध लेख्न लगाइ निबन्ध लेखन सीप विकास गराउने प्रयत्न गरिन्छ । प्राथमिक निम्नमाध्यमिक तथा माध्यमिक पाठ्यक्रमका अतिरिक्त विश्वविद्यालयअन्तर्गत पनि निबन्ध लेखन सम्बन्धी अभ्यासहरूलाई प्राथमिकताकासाथ समावेश गरिएको छ । यस कुराले पनि लेखनकलाको क्षमता बढाउन निबन्ध लेखन उत्कृष्ट कार्यकलाप भएको भन्न सकिन्छ । निबन्धलेखनमा वर्णविन्यासगत, व्याकरणगत, शब्दभणडार, चिन्हप्रयो्ग, वाक्यगठन, विषयवस्तुको आदि, मध्य र अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइसम्बन्धी सम्पूर्ण नियमहरू समावेश भएका हुन्छन् । यसर्थ विद्यार्थीहरूमा सम्पूर्ण लेखाइसम्बन्धी धारणात्मक प्रयोगात्मक संज्ञानात्मक सीप विकास गराउन निबन्ध लेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ । यसरी लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान महत्वपूर्ण सावित हुन्छ ।

### २.२.४ माध्यमिक तहमा निबन्ध शिक्षणको प्रयोजन

निबन्धको मुख्य उद्देश्य निबन्धगत सीप हासिल गर्नु हो र आफ्ना वस्तुतथ्यात्मक, भावात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापरक्रम मिलाइ शृङ्खलावद्ध रूपमा प्रस्तुति गर्ने सीप आर्जन गर्नु हो । ( शर्मा र पौडेल, २०६१:१२८) विद्यार्थीलाई आफूले देखेको अनुभव गरेको र पढेका कुराहरू सिलसिला मिलाइ लिखित रूपमा व्यक्त गर्न सिकाउनु नै निबन्धलेखनको मुख्य उद्देश्य हो । निबन्ध विधा अन्य विधाहरूभन्दा प्रौढ खँदिलो तथा बौद्धिक अभिव्यक्ति हो । निबन्ध विधालाई भाषा तथा साहित्य शिक्षणका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । खास गरी साहित्यिक विधाका रूपमा यसको शिक्षणका मुख्य प्रयोजनहरू निम्नानुसार छन् ।

क) निबन्ध शिक्षणको मुख्य प्रयोजन लेखनकलाको समुचित विकास गर्नु ,

ख) स्वतन्त्र लेखनको सुसङ्गठित रूप पहिचान र अवलम्वन गर्न सिकाउनु,

ग) स्वतन्त्र विचार प्रकट गर्ने क्षमताको विकास गर्नु ,

घ) स्थान र प्रसङ्गअनुसार भाषिक शब्दावलीको प्रयोग गर्न सक्षम तुल्याउनु ,

ङ) स्पष्ट र शुद्ध रूपमा लेख्य अभिव्यक्ति गर्न सक्ने तुल्याउनु ,

च) बोध र अभिव्यक्तिको विकासका अलवा कुनै विस्तारित सामग्रीहरूलाई सङ्क्षेपमा र सङ्क्षेपलाई विस्तारमा अभिव्यक्त गर्ने सीपको विकास गराउनु।

छ) साहित्यप्रति अनुराग बढाउनु र साहित्यिक सिर्जना गर्नतर्फ अभिप्रेरणा जगाउन,

ज) साहित्यिक सर्जकहरूका रचनाका आधारमा समीक्षात्मक तथा विश्लेषणात्मक रूपमा पहिचान गर्ने क्षमता विकास गराउनु ,

यसरी माथि उल्लेखित प्रयोजनबाहेक निबन्धशिक्षणको प्रयोजनले अन्य विधाहरूको शिक्षणमा पनि सोझो सम्बन्ध राख्दछ । समग्रमा विद्यार्थीहरूमा लेखाइ सीपको विकास गराउन निबन्ध शिक्षणको प्रमुख भूमिका रहन्छ ।

## २.३ निष्कर्ष

कक्षा ८ को जिल्लास्तरीय परीक्षामा पनि निबन्ध लेखनसम्बन्धी प्रश्नलाई १० प्रतिशत अर्थात १० अङ्कको निबन्ध लेख्न दिइन्छ । यसका साथै कक्षा ९ र १० को वार्षिक तथा एस.एल.सी. परीक्षामा समेत निबन्धलेखनको मूल्याङ्कनात्मक प्रश्नलाई १० अङ्क छुट्याइएको छ भने उच्च तहमा पनि १० प्रतिशताङ्क निबन्ध लेखन मूल्याङ्कनलाई निरन्तरता दिइएको छ । यसर्थ निबन्धलेखनसम्बन्धी अध्ययन अध्यापनलाई विशेष महत्वका साथ हेरिएको छ । निबन्धलेखनबाट विद्यार्थीहरूमा नेपाली भाषाको मानक लेखन क्षमता बढाउँदै लैजान सहज हुन्छ । यसरी लेखन क्षमताको मनोवैज्ञानिक तवरले विकास गर्दै लैजान निबन्ध लेखन प्रक्रियाले सकरात्मक भूमिका खेल्ने हुँदा माध्यमिक तहका पाठ्यक्रममा निबन्ध विधा शिक्षण तथा निबन्ध लेखन शिक्षण दुवै पक्षमा विशेष रूपमा ख्याल गरी निबन्ध विधा समावेश गरिएको हो ।

# परिच्छेद-तिन

## अध्ययन तथा व्याख्या विश्लेषण

अनुसन्धान औपचारिक र व्यवस्थित खोजी कार्य भएकोले यसमा सोही अनुसन्धेय विषयसँग सम्बन्धित खास विधिहरूको उपयोग गरिएको हुन्छ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण सबभन्दा महत्वपूर्ण विषय हो । कुनै पनि अनुसन्धान अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म अपनाइने विधिहरूलाई पूर्वयोजनाका रूपमा व्यवस्थित गरिनुपर्दछ र मात्र अनुसन्धान कार्यमा कुनै किसिमको बाधा अड्चन आउँदैन । अध्येताले प्रस्तुत अनुसन्धान अध्ययनका लागि अपनाएका विधिहरूलाई यस परिच्छेदमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन कक्षा ९ मा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमता पहिल्याउने दृष्टिकोणले गर्न खोजिएको कुरा उद्देश्य खण्डबाट नै स्पष्ट भएको छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थी हरूलाई महत्व दिएर कुनै पनि निष्कर्षमा पुग्ने प्रयास वाञ्छित ठानिएको छ । 'कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षक सोझै विद्यार्थीहरूसँग सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रविन्दु बनाई नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । नमुना सर्वेक्षण विधि भन्ने वित्तिकै यसको कार्य क्षेत्रीय विधि वा प्रयोगात्मक विधिमा आधारित रहन्छ । प्रस्तुत अनुसन्धान अध्ययनलाई  वस्तुगत बनाउने क्रममा जनसंख्या पहिचान, प्र्रतिनधि नमुना छनोट तथ्याङ्क संकलनका लागि निर्माण त्यसको पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन वा संकलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरिएको छ । यिनै विविध सर्वेक्षणात्मक विधिहरूको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारूप तयार पारिएको हो । अध्ययनमा अवलम्बन गरिएका प्रक्रियाहरूको विस्तृत विवरण निम्नानुसार छ ।

### ३.१ जनसङ्ख्याको पहिचान

शैक्षिक सत्र २०६९ मा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसङ्ख्याका रूपमा लिइएको छ । तर अध्ययनको प्रयोजन, समय, लगानी आदिका कारणले सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने तथा आवश्यक पनि नभएकाले अध्ययनको सीमाङ्कन क्षेत्र झापा जिल्ला भित्रका ३ सामुदायिक र ३ निजी मा.वि.का ६० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

३.२ प्रीतिनधि नमुना

प्रीतिनधि नमुनाले जनसङ्ख्याको पूर्णत : प्रीतिनधित्व गरोस् र जनसङ्ख्याका गुण वा विशेषताहरू त्यस्ता नमुनामा समाहित होऊन् भन्ने अध्येताको दृष्टिकोण रहेको हुन्छ । हुन पनि कुनै अनुसन्धानमा त्यसको व्याख्या र विश्लेषणसम्म पुग्न सम्पूर्ण जनसङ्ख्याबाट कसरी नमुनाको प्रीतिनधित्व गराइएको छ भन्ने कुरा नितान्त आवश्यक पक्ष हो ।

प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रीतिनधित्व गराउन सम्भावनामा सो उद्देश्य वर्ग छनोट विधि अपनाइएको छ । नमुना छनोट गर्ने क्रममा झापा जिल्ला अन्तर्गत पर्ने सरकारी र निजी मा.वि.लाई लिइएको छ । झापा जिल्लाभित्र पर्ने मा.वि. हरूमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट फरक फरक भाषिक पृष्ठभूमि भएका तथा ५/५ जना क्रमशः छात्र/छात्रा पर्ने गरी प्रत्येक मा.वि. बाट १०/१० जनाका दरले जम्मा ६० जना विद्यार्थीहरूको छनोट गरिएको छ ।

छनोटमा परेका विद्यालय तथा विद्यार्थी सङ्ख्या निम्नानुसार छ ।

सरकारी तर्फ

तालिका सङ्ख्या १

| जिल्ला | विद्यालय | विद्यार्थी सङ्ख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मातृभाषी छात्र सङ्ख्या | मातृभाषी इतर छात्र सङ्ख्या | जम्मा | मातृभाषी छात्रा सङ्ख्या | मातृभाषी इतर छात्रा सङ्ख्या | जम्मा | कुल जम्मा |
| झापा | बालनिकुञ्ज मा.वि. | ४ | १ | ५ | ३ | २ | ५ | १० |
| | श्री रा.र. आ.उ.मा.वि. | ३ | २ | ५ | ४ | १ | ५ | १० |
| | श्री झिलझिले मा.वि. | ३ | २ | ५ | ३ | २ | ५ | १० |
| | जम्मा | १० | ५ | १५ | १० | ५ | १५ | ३० |

निजी तर्फ

तालिका सङ्ख्या २

| जिल्ला | विद्यालय | विद्यार्थी सङ्ख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मातृभाषी छात्र सङ्ख्या | मातृभाषी इतर छात्र सङ्ख्या | जम्मा | मातृभाषी छात्रा सङ्ख्या | मातृभाषी इतर छात्रा सङ्ख्या | जम्मा | कुल जम्मा |
| झापा | मेची अंग्रेजी बोर्डिङ्ग | ४ | १ | ५ | ४ | १ | ५ | १० |
| | रेडरोज मा.वि. | ३ | २ | ५ | २ | ३ | ५ | १० |
| | ध्रुवतारा आवासीय | ४ | १ | ५ | ४ | १ | ५ | १० |
| जम्मा | | ११ | ४ | १५ | १० | ५ | १५ | ३० |

यसरी विद्यालय छनोट गर्दा विभिन्न गाउँ विकास समिति अन्तर्गत पर्ने गरी चयन गरिएको छ । यस अध्ययनमा समाविष्ट कुल ६० जना छात्रछात्रा प्रस्तुत अध्ययनका लागि प्रतिनिधि नमुनाका रूपमा कायम गरिएको छ ।

## ३.३ सामग्री निर्माण

अनुसन्धान अध्ययनको प्रकृतिअनुसार सामग्री निर्माण गरिनुपर्दछ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरूको लेखनकला परीक्षण गरी तथ्य संकलन गर्नुपर्ने भएकोले सोही अनुरूपका सामग्री निर्माण गर्नु आवश्यक ठानियो । लेखनकलासँग सम्बन्धित निबन्ध लेखन जस्तो गहन विषयको लेखन विद्यार्थीहरूबाट गराउनु पर्ने हुँदा समसामयिक विषयहरूलाई शीर्षकका रूपमा प्रस्ताव गरियो । प्रस्तावित शीर्षकहरू माथि शोध निर्देशकको उपस्थितिमा आवश्यक छलफलपश्चात अध्येताद्वारा अध्ययनका लागि शीर्षकको चयन गरिएको छ । त्यसपछि सम्बन्धित जनसङ्ख्यामा अध्येताले सोही शीर्षकमा विद्यार्थीहरूलाई निबन्ध लेखन प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री जुटाउने प्रयत्न गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलन

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्ने क्रममा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएका विद्यालयका विद्यार्थीबाट निर्धारित शीर्षक र समयमा निबन्ध लेख्न प्रेरित गरियो । विद्यालय प्रशासनसँग समन्वय गर्दै तथ्याङ्क संकलन कार्यलाई अगाडि बढाइयो । नमुना

जनसंख्याका रूपमा चयन गरिएका विद्यालयहरूबाट अध्येताले अपेक्षाकृत सहयोग प्राप्तबाटै प्रीतिनधि नमुनाको रूपमा उल्लेख गरिएका विद्यालयहरूबाट संकलनन गरिएका निबन्धित उत्तरपुस्तिकालाई प्रक्रियागत रूपमा जाँच गरियो । प्राप्त तथ्याङ्कलाई उत्तरपुस्तिकाको सिरानमा अङ्कित गरियो । निबन्धित उत्तरपुस्तिका जाँच गर्न कक्षा ८ को जिल्लास्तरीय परीक्षाको नेपाली विषयको उत्तर पुस्तिका परीक्षण कुन्जिका २०६८लाई अझ परिष्कार गर्दै शीर्षकसँग सम्बन्धित विषयवस्तु, प्रस्तुतीकरण र भाषिक शुद्धता गरी तिन पक्षमा केन्द्रित रहेर वस्तुगत अङ्क निर्धारण गरिएको छ ।

शैक्षिक सत्र २०६९को पुस, माघ र फाल्गुण महिनाको समय सीमाभित्र प्रस्तुत अध्ययनको तथ्य संकलन गरिएको थियो । तथ्य संकलनका लागि छनोट गरिएका प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई छुट्टै कोठामा राखी आवश्यक सल्लाह दिइएको थियो । निर्धारित शीर्षकहरूमध्ये कुनै एक शीर्षकमा बढीमा ३० मिनेटको समय सीमाभित्र निबन्ध तयार गर्न निर्देश गर्दै निद्यार्थीहरूमा निबन्ध लेख्न उत्प्रेरित गरिएको थियो ।

## ३.५ व्याख्या विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत अध्ययनको शीर्षक लेखनकलासँग सम्बन्धित रहेको हुँदा यसमा तथ्य संकलनका क्रममा प्राप्त निबन्धित उत्तरपुस्तिकाहरूमा अङ्कित गरिएको प्राप्ताङ्कलाई क्षेत्रगत, भाषिक पृष्ठभूमि तथा लिङ्गगत समूहहरूमा वर्गीकरण गरी तालिकाबद्ध गरियो । तथ्य विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालियो र प्रीतिनधि नमुनामा समाविष्ट विद्यार्थीहरूमध्ये उक्त मध्यमानभन्दा कति प्रतिशत माथि र तल छन् भनेर गणना गरियो । विभिन्न समूहहरूको क्षमता मापन गर्न पनि त्यही प्रक्रिया अँगालियो । समग्र तथा समूहगत रूपमा मानक विचलन निकाली तथ्य विश्लेषणमा थप सरलता ल्याउने प्रयत्न गरिएको छ । त्यसरी नै प्राप्ताङ्कका आधारमा उच्चतम, मध्यम र निम्नस्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक संख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरियो । यसका साथै समग्र मध्यमानकै आधारमा विभिन्न चलहरूका वीच निबन्ध लेखन क्षमताको स्थिति अवलोकन गरियो ।

अध्ययनमा समाविष्ट विभिन्न चलहरूको समूहगत मध्यमान, मानक विचलन तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गरियो । क्षेत्रगत , भाषागत लिङ्गगत समूहहरूमा निबन्ध लेखन क्षमताको परीक्षण गर्न जेड परीक्षणको प्रयोग गरियो । प्रस्तुत अध्ययनमा उपयोगमा ल्याइएका सांख्यिकी सूत्रहरू निम्नानुसार रहेका छन्।

प्रस्तुत अध्ययनबाट कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । परिच्छेद तिनमा प्रस्तुत गरिएको अध्ययन विधिअनुसार यहाँ शोधकर्ताद्वारा झापा जिल्ला भित्रका ६० जना विद्यार्थीहरूबाट अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गरी विद्यार्थीको प्राप्ताङ्कलाई विद्यार्थी संख्या प्रतिशतमा देखाइएको छ ।

तालिका सङ्ख्या ३

| प्राप्ताङ्क | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १० | १३ | १३ | १० | ११ | ३ |
| प्रतिशत | १६.६७ | २१.६७ | २१.६७ | १६.६७ | १८.३३ | ५ |

उपर्युक्त तालिका अनुसार समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशत गणना गर्दा जम्मा ६० जना विद्यार्थीको प्राप्ताङ्क निर्धारण गरिएको छ । जसअनुसार प्राप्ताङ्क ३० ल्याउनेको संख्या १० देखिन्छ भने प्राप्ताङ्क ४० ल्याउनेको संख्या १३ देखिन्छ । त्यसैगरी प्राप्ताङ्क ५० ल्याउनेको संख्या १३ र ६० प्राप्ताङ्क ल्याउनेको संख्या १० देखिन्छ । त्यसैगरी ७० प्राप्ताङ्क ल्याउनेको संख्या ११ देखिन्छ भने ८० प्राप्ताङ्क ल्याउनेको संख्या देखिन्छ । यसरी हेर्दा ५० प्रतिशत भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीको संख्या नै बढी देखिन्छ ।

उक्त तथ्यलाई सांख्यिकीय विश्लेषण गर्ने दृष्टिकोणले व्यवस्थित गरियो । व्याख्या तथा विश्लेषणलाई पूर्णत : वस्तुगत रूप दिन प्रतिशत गणना , मध्यमान, मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विश्लेषित रूपलाई अगाडि सारिएको छ । प्रस्तुत शोधकार्यमा विश्लेषणका लागि अपनाइएका विधि तथा प्रविधिहरूको विस्तृत विवरणका साथै चलहरूको विश्लेषित स्वरूप निम्नानुसार उल्लेख गरिएको छ ।

३.६ समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

३.६.१ समग्र विद्यार्थीको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

तालिका सङ्ख्या ४

| कुल सङ्ख्या | २० प्रतिशत सम्म | | २१- ४० प्रतिशत सम्म | | ४१ - ६० प्रतिशत सम्म | | ६१ - ८० प्रतिशत सम्म | | ८१ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | ० | ० | २३ | ३८.३३ | २३ | ३८.३३ | १४ | २३.३३ | ० | ० |

उपर्युक्त तालिका अनुसार समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता गणना गर्दा प्रीतिनधि जनसङ्ख्याका रूपमा छनोट गरिएको कुल सङ्ख्या ६० रहेको छ । ६० जना विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार २० प्रतिशत भन्दा कम क्षमता भएका र ८१ प्रतिशत भन्दा बढी क्षमता भएका विद्यार्थीहरूको प्रतिशत देखिदैन ।

त्यसै गरी २१ देखि ४० प्रतिशतसम्म निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २३ रहेको छ , जुन कुल सङ्ख्याको ३८.३३ प्रतिशत हो । त्यस्तै ४१ देखि ६० प्रतिशत निबन्ध लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या २३ र प्रतिशत ३८. ३३ रहेको छ । ६१ प्रतिशतदेखि ८० प्रतिशतसम्म क्षमता भएका विद्यार्थीहरूको प्रतिशत २३.३३ र सङ्ख्या १४ रहेको छ ।

माथिका तालिका अनुसार निम्नतम श्रेणीका रूपमा मापन गरिएको २० प्रतिशतसम्म प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या र ८० भन्दा माथि प्रतिशत प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या नभएकाले अति कम क्षमता र धेरै उच्च क्षमता भएका विद्यार्थी नभएको प्रष्ट हुन्छ । बढी विद्यार्थीहरूको क्षमता २१-६० प्रतिशत रहेको र ६१ प्रतिशत भन्दा माथि मात्र १४ जना विद्यार्थीहरू रहेकाले समग्रमा कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो नभएर सामान्य किसिमको मात्र मान्न सकिन्छ ।

३.६.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमतको स्थिति

तालिका सङ्ख्या ५

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङख्या | प्रतिशत | सङख्या | प्रतिशत |
| ६० | ५.१३ | १.४८ | २३ | ३८.३३ | ३७ | ६१.६७ |

माथिको तालिका अनुसार प्र्रीतिनधि नमुना छनोटमा परेका ६० जना विद्यार्थीहरूको मध्यमान ५.१३ छ भने मानक विचलन १.४८ रहेको छ । मध्यमानलाई आधार विन्दु मानेर मध्यमान भन्दा माथि रहेका विद्यार्थीहरूलाई सन्तोषजनक र मध्यमान भन्दा तल रहेका विद्यार्थीहरूलाई कमजोर श्रेणीमा वर्गीकरण गर्दा सम्पूर्ण विद्यार्थीहरू मध्ये ३८.३३ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा माथि रहेका छन् । त्यस्तै ६१.६७ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका देखिन्छन् । मध्यमान भन्दा माथि रहेका विद्यार्थीहरूको प्रतिशत कम र मध्यमान भन्दा तल रहेका विद्यार्थीहरूको प्रतिशत बढी रहेकाले विद्यार्थौहरूको निबन्ध लेखन क्षमतामा सन्तोषजनक स्थिति देखिदैन । यसले कमजोरपनको स्पष्ट संकेत गरेको छ ।

मानक विचलनले विद्यार्थीहरूको क्षमताको एकरूपताको निर्धारण गर्दछ । स्तरीय भिन्नता जति थोरै हुन्छ उतिनै क्षमतामा एकरूपता हुन्छ । माथिको तालिकामा मानक बिचलन १.४८ रहेको छ । अत: विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा एकरूपताको राम्रो स्थिति देखाउँछ । यसरी विद्यार्थीहरूको क्षमतामा एकरूपता देखिएपनि मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो मान्न सकिदैन ।

तालिका सङ्ख्या ६

| कुल सङ्ख्या | २० प्रतिशत सम्म | | २१- ४० प्रतिशत सम्म | | ४१ - ६० प्रतिशत सम्म | | ६१ - ८० प्रतिशत सम्म | | ८१ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ० | ० | १२ | ४० | १२ | ४० | ६ | २० | ० | ० |

### ३.७ सरकारी विद्यालयका समग्र विद्यार्थीहरूको स्थति

#### ३.७.१ सरकारी विद्यालयका समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

माथिका तालिका अनुसार ५ श्रेणीमा निर्धारण गरी निबन्ध लेखन क्षमता पहिचान गर्न सरकारी विद्यालयका कक्षा ९मा अध्ययन गर्ने ३० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । प्रस्तुत तालिकामा तल्लो श्रेणीका रूपमा निर्धारण गरिएको २० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएको विद्यार्थीहरूको प्रतिशत शून्य देखिन्छ । २१ देखि ४० प्रतिशत प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४० प्रतिशत देखिन्छ । त्यसैगरी ४१ देखि ६० प्रतिशत सम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या पनि ४० प्रतिशत नै रहेको छ भने ६१ देखि ८० प्रतिशत सम्म प्राप्ताङ्क रहेका छन् । ८० प्रतिशत भन्दा माथि कुनै पनि विद्यार्थीहरूको क्षमता देखिदैन ।

यसरी उपर्युक्त तथ्यमा अतिकम क्षमता भएका र अति बढी क्षमता भएका विद्यार्थीहरू नभएका तथा औषत क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या बढी रहनु  र केही राम्रो क्षमता भएका विद्यार्थी पनि रहनुले समग्रमा सरकारी विद्यालयको विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मध्यम खालको देखिन्छ । त्यस्तै उच्च श्रेणी प्राप्ताङ्क गर्ने विद्यार्थीको सङ्ख्या शून्य रहनुले अति जान्ने विद्यार्थी नरहेका पुष्टि गर्दछ ।

#### ३.७.२ मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

तालिका सङ्ख्या ७

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङख्या | प्रतिशत | सङख्या | प्रतिशत |
| ३० | ५.०३ | १.४७ | १२ | ४० | १८ | ६० |

माथिको तालिकामा निबन्ध लेखन क्षमता पहिचानका निम्ति सरकारी विद्यालयबाट ३० जना विद्यार्थीहरू नमुना छनोट गरिएको छ । विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ५.०३ र मानक विचलन १.४७ रहेको छ । मध्यमान भन्दा माथि ४० प्रतिशत विद्यार्थीहरू र मध्यमान भन्दा तल

६० प्रतिशत विद्यार्थीहरू रहेका देखिन्छन् मध्यमानलाई आधार बनाएर मध्यमान भन्दा माथिका विद्यार्थीहरूलाई सन्तोष जनक र मध्यमान भन्दा तलका विद्यार्थीहरूलाई कमजोर श्रेणीमा श्रेणीबद्ध गर्दा अधिकांश विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका र ४० प्रतिशत विद्यार्थी मात्र मध्यमान भन्दा माथि रहेकाले विद्यार्थीहरूको क्षमता कमजोर नै देखिन्छ । तालिका अनुसार मानक बिचलन १.४७ रहनुले सरकारी विद्यालयको विद्यार्थीको क्षमतामा त्यति बढी अन्तर रहेको देखिदैन । उनीहरूको क्षमतामा सामान्य किसिमको एकरूपता देखिन्छ । अतः मध्यमानको आधारमा माथिको तालिकाले विद्यार्थीहरूको क्षमता कमजोर देखाएको छ ।

### ३.८ निजी विद्यालयको समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

#### ३.८.१ निजी विद्यालयको समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

तालिका सङ्ख्या ८

| कुल सङ्ख्या | २० प्रतिशत सम्म | | २१- ४० प्रतिशत सम्म | | ४१ - ६० प्रतिशत सम्म | | ६१ - ८० प्रतिशत सम्म | | ८१ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ० | ० | ११ | ३६.६७ | ११ | ३६.६७ | ८ | २६.६७ | ० | ० |

माथिको तालिकामा निबन्ध लेखन क्षमता पहिचान गर्नको निम्ति निजी विद्यालयबाट ३० जना विद्यार्थीहरू नमुना छनोट गरिएको छ । ती विद्यार्थीहरूलाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा ५ श्रेणीमा निर्धारण गरिएको छ । जसअनुसार २० प्रतिशत भन्दा कम र ८० प्रतिशत भन्दा बढी क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या देखिदैन । २१ देखि ४० प्रतिशत सम्म क्षमता भएको विद्यार्थीको सङ्ख्या ११ रहेको छ । जुन कुल सङ्ख्या ३६.६७ प्रतिशत हो । त्यस्तै ४० देखि ६० प्रंतिशत सम्म निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३६.६७ प्रतिशत रहेको छ । ६१ देखि ८० प्रतिशत सम्म निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ८ र प्रतिशत २६.६७ रहेको छ ।

यसरी निम्न र अति उच्च श्रेणीमा विद्यार्थीहरूमा सङ्ख्या नरहे तथा राम्रा विद्यार्थीको सङ्ख्या न्यून र मध्यम श्रेणीमा विद्यार्थीहरूको सङ्ख्या अधिक रहेकाले प्रतिशताङ्कका आधारमा विद्यार्थीहरको निबन्ध लेखन क्षमता राम्रो देखिदैन । अतः यो तथ्यलाई हेर्दा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सामान्य किसिमको देखिन्छ ।

३.८.२ मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

तालिका सङ्ख्या ९

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङख्या | प्रतिशत | सङख्या | प्रतिशत |
| ३० | ५.२३ | १.५० | १२ | ४० | १८ | ६० |

उपर्युक्त तालिका अनुसार निजी विद्यालयको विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचानकालागि ३० जना विद्यार्थीहरू छनोट गरिएको छ । ती विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको मध्यमान ५.२३ र मानक विचलन १.५० रहेको छ । मध्यमनलाई आधार मानेर मध्यमान भन्दा माथिका विद्यार्थीलाई राम्रो र मध्यमान भन्दा तलका विद्यार्थीहरूलाई कमजोर मान्दा माथिको तालिका अनुसार ६० प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहनु तथा ४० प्रतिशत मात्र विद्यार्थीहरू मध्यमान मान भन्दा माथि रहनुले विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो नरहेको प्रष्ट हुन्छ । त्यस्तै मानक विचलनका आधारमा पनि विद्यार्थीहरूको क्षमता सामान्य विचलित देखिन्छ ।

३.९ छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

३.९.१ छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

तालिका सङ्ख्या १०

| कुल सङ्ख्या | २० प्रतिशत सम्म | | २१- ४० प्रतिशत सम्म | | ४१ - ६० प्रतिशत सम्म | | ६१ - ८० प्रतिशत सम्म | | ८१ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ० | ० | १३ | ४३.३३ | ११ | ३६.६७ | ६ | २० | ० | ० |

उपर्युक्त तालिका अनुसार ३० जना विद्यार्थीहरूलाई नमुना छनोट गरी उनीहरूको क्षमतालाई ५ प्रतिशताङ्क श्रेणीमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । २० प्रतिशत भन्दा कम प्रतिशताङ्क निबन्ध लेखन क्षमता भएको छात्रहरूको सङ्ख्या नभएको देखिन्छ । २१ प्रतिशत

भन्दा माथि ४० प्रतिशतसम्म आफ्नो निबन्धगत क्षमतालाई मापन गराउन सफल छात्रहरूको सङ्ख्या १३ र प्रतिशत ४३.३३ रहेको छ । यसै गरी ४१ प्रतिशत भन्दा माथि ६० प्रतिशत सम्म क्षमता भएका विद्यार्थीहरू ३६.६७ प्रतिशत देखिन्छन् । त्यस्तै राम्रो क्षमता मान्न सकिने ६१ देखि ८० प्रतिशत सम्म क्षमता भएका विद्यार्थी २० प्रतिशत रहेका छन् । ८१ प्रतिशत भन्दा माथि क्षमता भएका छात्रहरूको सङ्ख्या भने शून्य रहेको छ ।

यसरी अति न्यून क्षमता र अति उच्च क्षमता भएका छात्रहरू नभए पनि राम्रो र मध्यम श्रेणीमा ५० प्रतिशत भन्दा बढी विद्यार्थीहरू रहेकाले उनीहरूको निबन्धगत क्षमता औसत किसिमको रहेको छ भन्न सकिन्छ । यद्यपि २१ देखि ४० प्रतिशत क्षमता भएको विद्यार्थीहरूको सङ्ख्या ४३. ३३ प्रतिशत रहेकाले छात्रहरूको क्षमतालाई सन्तोषजनक मान्न सकिदैन ।

३.९.२ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निबन्ध लेखन क्षमताको स्थिति

तालिका सङ्ख्या ११

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङख्या | प्रतिशत | सङख्या | प्रतिशत |
| ३० | ५.१ | १.४३ | ११ | ३६.६७ | १९ | ६३.३३ |

माथिका तालिका अनुसार निबन्ध लेखन क्षमता पहिचान गर्न ३० जना विद्यार्थीहरू नमुना छनोट गरिएको छ । ती विद्यार्थीहरूको क्षमताको मध्यमान ५.१ रहेको छ । उनीहरूको क्षमताको विचलन १.४३ रहेको छ । मध्यमानलाई आधार विन्दु मानेर विश्लेषण गर्दा मध्यमान भन्दा माथि ३६.६७ प्रतिशत मात्र विद्यार्थीहरू रहेको र अधिकांश विद्यार्थीहरू मध्यमा भन्दा तल रहेकाले समग्र छात्रहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको प्रष्ट हुन्छ । ६३.३३ प्रतिशत विद्यार्थीहरूको क्षमता मध्यमान भन्दा तल रहनु कमजोरताको संकेत हो । त्यस्ते छात्रहरूको क्षमता पनि सामान्य विचलित नै देखिन्छ ।

३.१० छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

३.१०.१ छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

तालिका सङ्ख्या १२

| कुल सङ्ख्या | २० प्रतिशत सम्म | | २१- ४० प्रतिशत सम्म | | ४१ - ६० प्रतिशत सम्म | | ६१ - ८० प्रतिशत सम्म | | ८१ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ० | ० | १० | ३३.३३ | १२ | ४० | ८ | २६.६७ | ० | ० |

माथिको तालिका अनुसार ५ श्रेणी निर्धारण गरी निबन्ध लेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न छात्राहरूको तर्फबाट नमुना प्रीतिनधि जनसङ्ख्याको रूपमा ३० जना विद्यार्थीहरूलाई चयन गरिएको देखिन्छ । यहाँ २० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएको छात्राहरूको सङ्ख्या नभएको देखिन्छ । २१ देखि ४० प्रतिशतसम्म निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० रहेको छ जुन कुल सङ्ख्याको ३३.३३ प्रतिशत हो । ४१ प्रतिशत भन्दा माथि ६० प्रतिशतसम्म निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४० प्रतिशत रहेको छ । ६१ देखि ८० प्रतिशत सम्म निबन्ध लेखन क्षमता भएको छात्राहरूको सङ्ख्या २६.६७ प्रतिशत रहेको छ भने ८१ प्रतिशत भन्दा माथि क्षमता भएको छात्राहरूको सङ्ख्या शून्य देखिन्छ ।

यसरी हेर्दा अति कम क्षमता भएका विद्यार्थी नहरनु र सबै भन्दा बढी मध्यम श्रेणीमा रहनुले छात्राहरूको निबन्ध लेखन क्षमतालाई औसत तथा सामान्य सन्तोषजनक मान्न सकिन्छ ।

३.१०.२ माध्यमान र मानक विचलनका आधारमा छात्राहरूको निबन्ध लेखन क्षमताको स्थिति

तालिका सङ्ख्या १३

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५.२७ | १.५२ | १३ | ४३.३३ | १७ | ५६.६७ |

माथिको तालिका अनुसार जम्मा ३० जना छात्राहरूलाई  नमुना छनोट गरिएको छ । उनीहरूको क्षमताको मध्यमान ५.२७ र मानक विचलन १.५२ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमान भन्दा माथिका नतिजालाई सन्तोषजनक र मध्यमान भन्दा तलका नतिजालाई निराशाजनक रूपमा लिएको  छ। यस आधारमा मध्यमान भन्दा माथि क्षमता भएको विद्यार्थीको प्रतिशत भन्दा मध्यमा भन्दा तल क्षमता भएका विद्यार्थीहरूको प्रतिशत बढी देखिएकाले छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको सङ्केत गर्दछ । मध्यमानको नजिक र टाढा हुने गरी विद्यार्थीहरूको प्राप्ताङ्कलाई हेर्दा क्षमतामा विचलित अवस्था देखिन्छ । यसका आधारमा क्षमतागत एकरूपता नभएको भन्न सकिन्छ । जसलाई मानक विचलन १.५२ भएको देखिनुले अझ स्पष्ट पारेको छ ।

### ३.११ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

#### ३.११.१ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशाङ्क स्थिति

तालिका सङ्ख्या १४

| कुल सङ्ख्या | २० प्रतिशत सम्म | | २१- ४० प्रतिशत सम्म | | ४१ - ६० प्रतिशत सम्म | | ६१ - ८० प्रतिशत सम्म | | ८१ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४१ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ० | ० | १३ | ३१.७१ | १६ | ३९.०२ | १२ | २९.२७ | ० | ० |

प्रस्तुत तालिकामा नेपाली मातृभाषी ४१ जना विद्यार्थीहरू मध्ये २० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएको विद्यार्थी नभएको देखिन्छ । ३१.७१ प्रतिशत विद्यार्थीहरू २१ देखि ४० प्रतिशतको विचमा कम निबन्ध लेखन क्षमता भएको समूहमा परेको देखिन्छ । त्यस्तै ४१देखि ६० प्रतिशत क्षमता भएका विद्यार्थीहरूको प्रतिशत ३९.९२ रहेको छ । यो नै औसत विद्यार्थीको प्रतिशत हो । ६१ देखि ८० प्रतिशतसम्म निबन्ध लेखन क्षमता भएको विद्यार्थीहरूको सङ्ख्या २९.२७ प्रतिशत रहेको छ भने ८१ प्रतिशत भन्दा बढी क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या रहेको देखिदैन ।

यसरी हेर्दा समग्र प्रतिशतमा २९.२७ प्रतिशत विद्यार्थीहरूले मात्र ६१ प्रतिशत भन्दा माथि आफ्नो क्षमता प्रदर्शन गर्न सफल भएका छ । यस आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमतालाई राम्रो भनि हाल्ने स्थिति देखिदैन । समग्र प्रतिशतमा ४० प्रतिशत भन्दा माथि क्षमता प्रस्तुत गर्ने विद्यार्थीहरूको प्रतिशत ६८.२९ रहेकाले विद्यार्थीहरूको क्षमतालाई औसत तथा सामान्य सन्तोषजनक मान्न सकिन्छ । ३१.७१ प्रतिशत मात्र असफल श्रेणीमा रहेकाले पनि विद्यार्थीहरूको क्षमता औसत देखिएको हो ।

### ३.१.१.२ मध्यमान र मानक विचलनको आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति :

तालिका सङ्ख्या १५

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङख्या | प्रतिशत | सङख्या | प्रतिशत |
| ४१ | ५.४३ | १.४३ | २१ | ५१.२२ | २० | ४८.७८ |

माथिको तालिका अनुसार निबन्ध लेखन क्षमता मापन गर्नका निम्ति नेपाली मातृभाषी ४१ जना विद्यार्थीहरू नमुना छनोट गरिएको छ । उनीहरूको क्षमताको मध्यमान ५.४३ र मानक विचलन १.४३ रहेको छ । मध्यमानलाई आधार बनाएर मध्यमान भन्दा माथिका विद्यार्थीहरूलाई सन्तोषजनक र मध्यमान भन्दा तलका विद्यार्थीहरूलाई निराशाजनक श्रेणीमा वर्गीकृत माथिको तालिकाबाट सन्तोषजनक नतिजा प्राप्त गर्न सकिन्छ । यसरी धरै प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा माथि र थोरै विद्यार्थीहरू मध्यमान भन्दा तल रहनुले निबन्ध लेखनमा विद्यार्थीको समग्र क्षमता सन्तोषजनक रहेको प्रमाणित हुन्छ । छात्र छात्राले प्राप्त गरेको प्राप्ताङ्क मध्यमान भन्दा धरै टाढा सम्म छरिएको देखिन्छ , जसले क्षमतागत एकरूपता  भने नरहेको संकेत गर्दछ ।

भाषिक क्षमतामा मातृभाषी पृष्ठभूमि भएको विद्यार्थी राम्रो रहन्छ भन्ने कुरालाई सामान्य रूपमा भए पनि यसले पुष्टि गरेको छ । नेपाली मातृभाषी विद्यार्थीहरूको स्वतन्त्र लेखन क्षमतालाई सन्तोषजनक नै मान्न सकिन्छ ।

### ३.१.२ नेपाली मातृभाषी इतर विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

### ३.१२.१ नेपाली मातृभाषीइतर विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

तालिका सङ्ख्या १६

| कुल सङ्ख्या | २० प्रतिशत सम्म | | २१- ४० प्रतिशत सम्म | | ४१ - ६० प्रतिशत सम्म | | ६१ - ८० प्रतिशत सम्म | | ८१ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १९ | ० | ० | १० | ५२.३ | ७ | ३६.८४ | २ | १०.५३ | ० | ० |

उपर्युक्त तालिका अनुसार निबन्ध लेखन क्षमता पहिचानका लागि १९जना मातृभाषीइतर विद्यार्थीहरू छनोट गरेको देखिन्छ । उनीहरूको क्षमतालाई ५ श्रेणीमा श्रेणीबद्ध गर्दा २० प्रतिशत भन्दा कम क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या देखिदैन । २१ देखि ४० प्रतिशत सम्म क्षमता भएका विद्यार्थीहरू ५२.६३ प्रतिशत रहेका छन् । त्यस्तै ३६.८४ प्रतिशत विद्यार्थीहरू ४१ देखि ६० प्रतिशत क्षमता भएको देखिन्छन् भने ६१ देखि ८१ प्रतिशत सम्म क्षमता भएको विद्यार्थीहरूका् सङ्ख्या १० .५३ प्रतिशत रहेको छ । ८१ प्रतिशत भन्दा बढी क्षमता भएको विद्यार्थीहरू छैनन् ।

यसरी हेर्दा अधिकांश विद्यार्थीहरू ४० प्रतिशत भन्दा कम क्षमता भएको देखिन्छन् भने ४० प्रतिशत भन्दा माथि क्षमता भएका विद्यार्थीहरूको प्रतिशत ४७.३७ मात्र रहेको स्थितिले मातृभाषीकइतर विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको पुष्टी गर्दछ । भाषिक पृष्ठभूमिले भाषिक क्षमतामा प्रभाव पार्दछ भन्ने भनाईलाई यो नतिजाले पुष्टि गरेको छ। अधिकांश विमातृभाषीहरूको भाषिक क्षमता कमजोर देखिएको छ ।

### ३.१२.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषाइतर विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

तालिका सङ्ख्या १७

| कुल सङ्ख्या | मध्यमान | मानक | मध्यमान भन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|
| | | | | |

| | | विचलन | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १९ | ४.४७ | ०.७२ | ९ | ४७.३७ | १०ं | ५२.६३ |

मिाथको तालिका अनुसार जम्मा र्प्रातिनधि नमुना जनसङ्ख्या १९ रहेको छ । उनीहरूको मध्यमान ४.४७ र मानक विचलन ०६२ रहेको छ । १९ जना विद्यार्थीहरू मध्ये ४७.३७ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा माथि र ५२.६३ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका छन् । मध्यमानलाई केन्द्र विन्दु मानेर हेर्दा मध्यमान भन्दा माथिका नतिजालाई सन्तोष जनक र मध्यमान भन्दा तलको नतिजालाई निराशाजनक रूपमा लिइएको छ । यस आधारमा तालिकाको समग्र नतिजाको कमजोर पन को सङ्केत गरेको छ । यद्यपि मध्यमानले नजिक र टाढाको हुने गरी विद्यार्थीहरूको प्राप्ताङ्कको स्थितिलाई हेर्दा धेरै टाढासम्म छरिएर रहेको देखिदैन । यसका आधारमा क्षमतागत एकरूपता भने देखिन्छ । जसलाई मानक विचलन ०.७२ मात्र रहनुले अझ स्पष्ट गर्दछ ।

मातृभाषाइतर विद्यार्थीहरूमा नेपाली भाषाको स्वतन्त्र लेखनकलामा कमाजोरीपन पाइन्छ भन्ने कुरालाई यस तथ्यले केही हदसम्म प्रमाणित गरिदिएको छ । नेपाली भाषाको मौखिक अभिव्यक्तिमा मानक रूपमो अति आवश्यकता नपरे पनि लिखित अभिव्यक्तिमा मानक व्याकरणिक नियमको विशेष ख्याल गर्नुपर्दछ । यस्ता नियमहरूमा नेपाली मातृभाषाइतर विद्यार्थीहरूलाई आफ्नो मातृभाषाको प्रभावले असर गर्ने हुँदा माथिको तालिकाको नतिजा यसैको उपज भएको मान्न सकिन्छ । त्यसैले समग्रमा माथिका तालिकामा देखापरेझैं प्रतिशताङ्क स्थिति मानक विचलन र मध्यमानका आधारमा मातृभाषाइतर विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको प्रमाणित हुन्छ ।

### ३.१३ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको समूहगत स्थिति

तालिका सङ्ख्या १८

| कुल सङ्ख्या | समग्र मानक विचलन | समूह | समूगत सङ्ख्या | समग्र मध्यमान भन्दा माथि | | समग्र मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.१३ | १.४८ | विद्यालयको प्रकृति | सामुदायिक | ३० | १२ | ४० | १८ | ६० |
| | | | ३० | १२ | ४० | १८ | ६० | |
| | | विद्यार्थीको लैङ्गिकता | छात्र | ३० | ११ | ३६.६७ | १९ | ६३.३३ |
| | | | छात्रा | ३० | १३ | ४३.३३ | १७ | ५६.६७ |
| | | भाषिक पृष्ठभूमि | नेपाली मातृभाषी | ४१ | २१ | ५१.२२ | २० | ४८.७८ |
| | | | इतर नेपाली मातृभाषी | १९ | ३ | १५.७९ | १६ | ८४.२१ |

प्रस्तुत तालिकामा जम्मा सङ्ख्या ६० र समग्रं मध्यमान ५.१३ लाई आधार बनाई विभिन्न समूहका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति देखाइएको छ । तालिकामा समग्र मध्यमान ५.१३ र मानक विचलन १.४८ गणना गरिएको छ । मध्यमान र मानक विचालनको आधारमा समूहगत रूपमा विद्यार्थीहरूको क्षमता पहिल्याउँदा निम्न तथ्यहरू फेला पर्दछन् ।

कुल प्र्रीतिनधि जनसङ्ख्या ६० रहेको प्रस्तुत अध्ययनमा विद्यालयतर्फका क्रमश: ३०, ३० विद्यार्थीहरूको प्रतितिधित्व रहेको छ । समग्र मध्यमानलाई विद्यार्थीहरूको प्र्रीतिनधित्व रहेको छ । समग्र मध्यमानलाई विद्यार्थीहरूको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ४० प्रतिशत मात्र देखिन्छ । ६० प्रतिशत विद्यार्थीहरूको मध्यमानभन्दा तल रहेको छ । यी दुईको अन्तर टाढा देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमतालाई समग्रमा खासै राम्रो मान्न सकिदैन ।

निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्दा समग्र मध्यमान ५.१३लाई आधार बनाउँदा मध्यमान भन्दा माथि ४० प्रतिशत र मध्यमान भन्दा तल ६० प्रतिशत विद्यार्थीहरू रहेका छन् । ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तलै रहनुले निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पनि कमजोर नै देखिन्छ ।

लैङ्गिक समूहमा हेर्दा कमजोर नै देखिन्छ । र छात्रातर्फ ३० जना विद्यार्थीहरू रहेका छन् । समग्र मध्यमान ५.१३ प्रतिशत छात्रहरू मध्यमानभन्दा माथि र ६३.३३ प्रतिशत छात्राहरू

मध्यमानभन्दा तल रहेका छन् । यो तथ्यलाई हेर्दा मध्यमानभन्दा माथि विद्यार्थी र मध्यमानभन्दा तल बढी विद्यार्थी रहेकाले छात्राहरूको निबन्ध लेखन क्षमतामा पनि सन्तोष गर्ने स्थिति देखिदैन ।

छात्रातर्फ हेर्दा ४३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा माथि रहेका छन् भने ५६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । मध्यमान भन्दा माथि र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको प्रतिशतमा खासै ठूलो अन्तर नदेखिएकाले छात्राहरूको निबन्ध लेखन क्षमता सामान्य किसिमको मान्न सकिन्छ ।

भाषिक पृष्ठभूमिका दृष्टिले हेर्दा नेपाली मातृभाषी र नेपाली इतर मातृभाषी हुनेको सङ्ख्या ५.१३ लाई आधार बनाई अध्ययन गर्दा ५१.२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् भने ४८.७८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल देखिन्छ । ५० प्रतिशत भन्दा वढी विद्यार्थी मध्यमान भन्दा माथि रहनुले नेपाली मातभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको पुष्टि हुन्छ । करिब ४८ प्रतिशत विद्यार्थीमात्र मध्यमान भन्द तल रहनुले पनि सो तथ्यलाई स्पष्ट पार्दछ । भाषिक पृष्ठभूमिले भाषिक क्षमतामा प्रभाव पार्दछ भन्ने भनाइलाई यस तथ्यले पुष्टि गरेको छ ।

नेपालीइतर मातृभाषी विद्यार्थीतर्फ अध्ययन केन्द्रित बाटो १५.७९ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा माथि र १४.२१ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका छन् । करिब १६ प्रतिशत विद्यार्थीमात्र मध्यमान भन्दा माथि रहनु र अधिकांश विद्यार्थीहरू मध्यभमानभन्दा तल रहनुले नेपालीइतर मातृभाषी भएका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अति कमजोर रहेको प्रष्ट हुन्छ । इतर मातृभाषी विद्यार्थीहरूको भाषिक क्षमता कमजोर हुन्छ भन्ने तथ्यलाई यसले पुष्टि गरेको छ ।

मानक विचलनलाई आधारमा समग्र विद्यार्थीहरूको प्रकृति हेर्दा निबन्ध लेखन कलामा क्षमताको एकरूपता पाइन्छ । मध्यमानलाई मानक मानी त्यसैको वरिपरि कति विद्यार्थीहरूको क्षमता रहेको छ भन्ने कुरा मानक विचलनको आधारमा हेर्न सकिन्छ । विद्यार्थीहरूको समान तथ्याङ्कलाई हेर्दा समान मध्यमानको नजिक नजिकै बहुसङ्ख्यक विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अङ्कन भएबाट क्षमतागत एकरूपता सन्तोषजनक भएको पुष्टि हुन्छ । कुल सङ्ख्याको मानक विचलन १.४८ हुनुले पनि यस कुराको सङ्केत गर्दछ ।

माथिको तालिकामा समावश गरिएको समग्र मध्यमानभन्दा माथि निबन्ध क्षमता मापन गराउन सफल विद्यार्थीहरूको समूहगत स्थितिलाई स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ ।


तलका तालिकामा प्रतिशतले मध्यमानभन्दा माथि प्राप्ताङ्क मापन गराउन सफल विद्यार्थी सङ्ख्या जनाएको छ ।

(क) माध्यमिक विद्यालयका प्रकृतिका आधारमा

तालिका सङ्ख्या १९

| क.स. | समूह | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सामुदायिक माध्यमिक विद्यालय | १२ | ४० |
| २. | निजी माध्यमिक विद्यालय | १२ | ४० |

स्तम्भ चित्र सङ्ख्या - १





(ख) विद्यार्थीहरूको लैङ्गिक स्थितिको आधारमा

तालिका सङ्ख्या २०

| क.स. | समूह | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छात्र | ११ | ४३.३३ |
| २. | छात्रा | १३ | ६६.६७ |

स्तम्भ चित्र सङ्ख्या - २





(ग) विद्यार्थीको भाषिक पृष्ठभूमिको आधारमा

तालिका सङ्ख्या २१

| क्र.स. | समूह | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेपाली मातृभाषी | २१ | ५१.२२ |
| २. | नेपाली इतर मातृभाषी | ०३ | ५.७९ |

स्तम्भ चित्र सङ्ख्या - ३



सारांश

प्रस्तुत अध्ययन सामुदायिक माध्यमिक विद्यालयबाट ३० जना र निजी माध्यमिक विद्यालयबाट ३० जना गरी जम्मा ६० जना विद्यार्थीहरू छनोट गरी कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता विश्लेषण गरियो । विश्लेषणका क्रममा पाँच श्रेणी निर्धारण गरिएको प्रतिशताङ्क श्रेणी अन्तर्गत बहुसङ्ख्यक विद्यार्थीहरू ४१ प्रतिशतभन्दा माथि र ८० प्रतिशत भन्दा तलल निबन्ध लेखन क्षमता भएका पाइयो । ५० प्रतिशतभन्दा बढी क्षमता भएका विद्यार्थीहरू निबन्ध विधा र निबन्ध लेखन प्रक्रियागत ढाँचासँग परिचित भएको पाइयो भने ५० प्रतिशत भन्दा कम क्षमता भएका विद्यार्थीहरूमा निबन्ध लेखन क्षमता तथा सीप कमजोर रहेको पाइयो । अनुच्छेद गठन, विषयबस्तुको क्रमबद्धता आदि मध्य र अन्त्यको सङ्गठानात्मक ढाँचा निबन्धका केन्द्रीय पक्ष हुन् तर यसतर्फ विद्यार्थीहरूमा अनविज्ञता रहेको प्रस्तुत अध्ययनले देखाएको छ ।

प्रस्तुत अध्ययनका निबन्धित उत्तर पुस्तिकालाई अङकन गर्दा विषयवस्तुको संयोजन, प्रस्तुतीकरण र भाषिक शुद्धता जस्ता आधारमा अवलम्बन गरिएको छ । यिनै आधारलाई पृथक पृथक रूपमा दृष्टिगत गर्दा सामुदायिक र निजी विद्यालयहरूको विषय वस्तुको ज्ञान बराबर देखिन्छ । निबन्ध लेखनमा छात्रहरू भाषिक शुद्धतामा कमजोर देखिन्छन् भने छात्राहरू विषयवस्तु, प्रस्तुतीकरण र भाषिक शुद्धतामा केही सम्वेदनशील रहेको देखिन्छ । त्यस्तै नेपाली मातृभाषी विद्यार्थीहरू भाषिक शुद्धता तथा प्रस्तुतीकरण शैलीका केही राम्रो रहेका छन् भने इतर नेपाली मातृभाषी विद्यार्थीहरू तिनै पक्षमा केही कमजोर देखिएका छन् ।

समग्रमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको लेखाई अभियव्यक्ति क्षमता सन्तोषजनक नभएको देखिन्छ । निबन्ध लेखन सम्बन्धि समसामयिक विषयहरूमा समग्र विद्यार्थीहरूको अवस्था अध्ययन गर्दा विषयवस्तुको ज्ञान सन्तोषजनक देखिए पनि प्रस्तुतीकरण र भाषिक शुद्धता कमजोर देखिन्छ । यस अध्ययनबाट के प्रष्ट हुन्छ भने विधागत लेखनमा निरुरसाहित रहेको पाइन्छ । निवन्धलेखन प्रक्रियाको प्रस्तुतीगत ढाँचासँग केही परिचित भएता पनि बहुसङ्ख्यक विद्यार्थीहरू

यसप्रति अनविज्ञ देखिन्छ । यसरी विद्यार्थीहरूमा यस्तो अवस्था सिर्जना शिक्षण सिकाइको प्रमुख हात रहेको छ । सामुदायिक विद्यालयमा विषय लेखन शिक्षण व्यवस्थित हुन नसक्नु तथा निजी विद्यालयमा सिर्जनात्मक लेखनलाई पनि परम्परागत ढंगले सुगा रटाई शिक्षण गरिनुले विद्यार्थीहरूको स्वतन्त्र अभिव्यक्तिगत क्षमता तुल्यानउ निवन्ध विधा शिक्षण तथा निवन्ध लेखन शिक्षणलाई व्यवस्थित गनुपर्दछ ।

# परिच्छेद - चार

# तुलनात्मक विश्लेषण

## ४.१ विभिन्न समूहहरूमा निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन कक्षा ९ मा अध्ययतरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचानमा केन्द्रित रहेको छ । यस अध्ययनमा कक्षा नै मा अध्ययनरत विद्यार्थीहरूको विभिन्न समूह बीच तलानात्मक अध्ययन विश्लेषण गरिएको छ । विभिन्न समूहबाट लिइएको तथ्याङ्कको आधारमा ती समूहहरू बीच निबन्ध लेखन क्षमतामा के कति समानता र भिन्नताहरू छन् भन्ने तर्फ तुलनात्मक अध्ययन गरिएको छ । पृथक पृथक चलहरूका बीच तुलनात्मक विश्लेषण गर्न अध्ययन मानक विचलन Z परीक्षण जस्ता साङ्ख्यिकीयहरूलाई उपयोगमा ल्याइएको छ ।

Z परीक्षण गर्दा दुवै समूहको मध्यमान मानक विचलन निकालिएको छ । दुवै समूहको अध्यमान र मानकविचलनका आधारमा Z परीक्षण सार्थकताको तह ०.०५ हुँदा Z मान + - १.९६ गरिन्छ भने + - १.९६ भित्र भएमा प्राक्कल्पना स्वीकार अस्वीकार गरिन्छ । यस अध्यायमा Z परीक्षण बाट प्राप्त नतिजालाई तुलनात्मक विश्लेषण गरिएको छ । Z परीक्षण गरिएको गणितलाई यसै शोधपत्रको परिशिष्टमा राखिएको छ ।

### ४.१.१ सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना

तालिका सङ्ख्या २२

| कुल सङ्ख्या | विद्यालयको स्वरूप | विद्यार्थीका सङ्ख्या | मध्यमान | मानक | Z मान |
|---|---|---|---|---|---|
| | सरकारी | ३० | ५.०३ | १.४७ | १.६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६० | निजी | ३० | ५.२३ | १.५० | |

माथिका तालिका अनुसार निवन्ध लेखन क्षमता पहिचान गर्न जम्मा ६० जना विद्यार्थीहरू नमुना छनोट गरिएको छ । जसमध्ये सरकारी विद्यालयबाट ३० जना र निजी विद्यालयबाट ३० जना छात्र छात्रा रहेका छन् । सरकारी विद्यालयका विद्यार्थीहरूको मध्यमान ५.०३ र मानक विचलन १.४७ रहेको छ । त्यस्तै निजी विद्यालयका विद्यार्थीहरूको मध्यमान ५.२३ र मानक विचलन १.५० रहेको छ ।

उक्त तथ्याङ्कीय सूचकहरूलाई आधार विन्दु बनाएर तुलानात्मक विश्लेषण गर्दा विद्यालयका विद्यार्थीहरूको मध्यमानको तुलनामा केही कम देखिन्छ । मध्यमानै आधारमा विश्लेषण गर्ने हो भने सरकारी विद्यालयका विद्यार्थीहरूको तुलानमा निजी विद्यालय विद्यार्थीहरूको निबन्ध लेखन क्षमता केही मात्रामा राम्रो मान्न सकिन्छ । तर यी दुवै समूहबाट प्राप्त मानकविचलनमा भने खास फरक नदेखिनुले क्षमतागत विचलन भने समान किसिमकै देखिन्छ ।

यसरी मध्यमानको आधारमा यी दुई समूहबीच केही भिन्नता पाइए पनि Z मानका आधारमा भने सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा खास अन्तर देखिदैन । यी दुवै समूहको Z मान १.६३ रहेको छ । प्राक्कल्पना परीक्षण गर्दा सार्थकताको तह ०.०५ हुँदा Z मान + -१.९६ भन्दा बढी देखिएकाले प्रक्कल्पनामा राखिएको सरकारी र निजी विद्यालयको विद्यार्थीहरूको निबन्ध लेखन क्षमता समान छ भन्ने प्राक्कल्पना पुष्टि भएको वा स्वीकार गरिएको निवन्धलेखन क्षमता समान रहेको प्रमाणित हुन्छ ।

### ४.१.२ छात्र छात्राको निवन्धलेखन क्षमताको तुलना

तालिका सङ्ख्या २३

| कुल सङ्ख्या | लिङ्ग | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|
| ६० | | | | | |
| | छात्र | ३० | ५.१ | १.४३ | |
| | छात्रा | ३० | ५.२६ | १.५२ | ०.४५ |

प्रस्तुत तालिकामा लैङ्गिक दृष्टिले विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक पहिचान गर्न ३० जना छात्र र ३० जना छात्राहरूलाई प्रतिनिधि मध्यमान क्रमशः ५.१ र ५.२७ देखिन्छ। समूहगत रूपमा मानक विचलनको स्थिति हेर्दा गणना गरिएको १.४३ र छात्रा समूहलाई १.५२ गणना गरिएको छ। तालिकामा Z मान ०.४५ देख्न सकिन्छ।

तालिका अनुसार माध्यमानका आधारमा दुवै समूहको तुलना गर्दा छात्रको मध्यमान भन्दा छात्राको मध्यमान ०.२६ ले बढी रहेको छ। छात्रको भन्दा छात्राको मध्यमान केही बढी देखिएकाले छात्रको भन्दा छात्राको निबन्ध लेखन क्षमता केही राम्रो मान्न सकिन्छ। त्यस्तै छात्रको भन्दा छात्राको मानक विचलन ०.०९ ले बढी भएकाले छात्राहरूको क्षमता राम्रो भए पनि छात्रहरूको तुलनामा छात्राहरूको क्षमतागत विचलन बढी रहेको छ। अर्थात् छात्रहरूको तुलनामा छात्राहरूको क्षमता एकरूपता देखिदैन।

तालिका हेर्दा मध्यमानका आधारमा छात्र समूह भन्दा छात्रा समूहको क्षमता उच्च देखिन्छ। त्यसैगरी मानक विचलनका आधारमा छात्र समूह भन्दा छात्रा समूह बढी विचलित भएको पाइन्छ। यसि अर्थमा यी दुई समूह बीचको अन्तर प्रष्ट देख्न सकिन्छ। यसरी दुई समूहहरूको अन्तरलाई अझ वस्तुगत रूपमा पहिचान गर्न ०.०५ सार्थकताको तहमा Z मान हेर्दा यी दुई समूहले निबन्ध लेखन क्षमतामा सार्थक भिन्नता नरहेको विश्लेषण तथ्याङ्कले देखाउँछ। गणना गरिएको Z मान सार्थकताको तह ०.०५ हुँदा Z मान + - १.९६ भन्दा कम देखिएकाले लैङ्गिक आधारमा छात्र छात्राको निबन्ध लेखन क्षमतामा सार्थक भिन्नता नरहेको पुष्टि हुन्छ।

### ४.१.३ भाषिक पृष्ठभूमिका आधारमा नेपाली नेपाली मातृभाषी तथा नेपाली इतर मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना :

तालिका सङ्ख्या २४

| कुल सङ्ख्या | भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|
| ६० | नेपाली | ४१ | ५.४५ | १.४३ | ३.४२ |
| | इतर नेपाली | १९ | ४.४७ | ०.७२ | |

उपर्युक्त तालिकामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी हुने ४१ जना र नेपाली इतर मातृभाषी हुने १९ जना विद्यार्थीहरू प्रतितिधि नुमना जनसङ्ख्याको रूपमा समावेश गरिएको छ । समूहगत रूपमा नेपाली मातृभाषा हुने विद्यार्थीहरूको मध्यमान ५.४३ र मानक विचलन १.४३ रहेको छ । त्यस्तै इतर नेपाली भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको मध्यमान ४.४७ र मानक विचलन ०.७२ रहेको छ । यी दुवै समूहको Z परीक्षणबाट प्राप्त Z मान ३.४२ रहेको छ ।

मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा इतर नेपाली भाषिक पृष्ठमूमि मातभाषी विद्यालयहरूको मध्यमान ०.९६ ले बढी देखिएको मध्यमानको आधारमा हेर्दा नेपाली इतर मातृभाषी हुने विद्यार्थीहरूको भन्दा नेपाली मातृभाषी हुने विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको प्रष्ट देख्न सकिन्छ । मानक विचलन लाई हेर्दा नेपाली मातृभाषी विद्यार्थीको तुलनामा नेपाली इतर विद्यार्थीको क्षमतामा नेपाली भाषिक पृष्ठभूमि विद्यार्थीहरूको प्राप्ताङ्क बढी असमान देखिन्छ ।

त्यसै गरी मध्यमानका आधारमा यी दुवै समूहबीच अन्तर देखिए दुवै समूह बीच तुलना गर्न Z मानलाई आधार लिनु पर्छ । दुवै समूहको परीक्षणबाट प्राप्त Z मान ३.४२ रहेको छ । ०.०५ को सार्थकता तहमा हेदा ' Z मान + - १.९६ भन्दा वढी अर्थात् ३.४२ रहेकाले नेपाली मातृभाषी र नपाली इतर मातृभाषी विद्यार्थीहरूको क्षमता सार्थक भिन्नता रहेको प्रष्ट हुन्छ । प्राक्कल्पना गरिएको छ । त्यसैले भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निबन्धलेखनमा भिन्नता भन्ने वैकल्पिक प्राक्कल्पना निर्माण गरिन्छ ।

# परिच्छेद - पाँच

## निष्कर्ष र सुझावहरू

### ५.१ निष्कर्ष :

प्रस्तुत अध्ययन कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अध्ययपनमा केन्द्रित रहेको छ । झापा जिल्लाका ६० जना विद्यार्थीहरूको परीक्षणबाट प्राप्त प्राप्ताङ्कको आधारमा व्याख्या विश्लेषण गरिएको छ । अतः कक्षा ९मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सम्बन्धी आध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकाल्न सकिन्छ ।

(क) समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा २३ प्रतिशत विद्यार्थीहरूले मात्र ६१ प्रतिशत भन्दा माथि निवन्धलेखन क्षमता मापन गराउन सकल देखिनुले कक्षा ९ मा अध्ययन विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको देखिन्छ ।

(ख) समग्र विद्यार्थीहरूको समग्र मध्यमानका आधारमा निबन्ध लेखन क्षमताको मापन गर्दा मध्यमानभन्दा माथि ३८.३३ प्रतिशत विद्यार्थीहरूको मात्र रहेको देखिनुले निबन्ध लेखन क्षमताको कमजोरपनाको सङ्केत गर्दछ ।

(ग) सरकारी विद्यालयका विद्यार्थीहरूको समग निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा औषत क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या बढी रहेको र केही राम्रा विद्यालयहरू पनि रहेकाले सरकारी विद्यालयहरूको निबन्ध लेखन क्षमता मध्यम खालको देखिन्छ ।

(घ) समूहगत मध्यमानका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता हेर्दा ४० प्रतिशत विद्यार्थीहरूको मध्यमानभन्दा माथि र ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले विद्यार्थीहरू समग्र निबन्ध लेखन क्षमता कमजोर नै देखिन्छ ।

(ङ) निजी विद्यालयको विद्यार्थीहरूको समग्र विद्यालयहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ६१ प्रतिशतभन्दा माथि २६.६७ प्रतिशत मात्र विद्यार्थीहरू रहनुले निजी विद्यालयको विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर  देखिन्छ ।

(च) समूहगत मध्यमानका आधारमा निजी विद्यालयको विद्यार्थीहरूको निबन्ध लेखन क्षमता हेर्दा मध्यमान भन्दा माथि ४० प्रतिशत विद्यार्थीहरूको मात्र रहेकाले निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक देखिदैन ।

(छ) समग्र विद्यार्थीहरूकोमध्ये छात्र विद्यार्थीको क्षमतालाई हेर्दा ६१ प्रतिशत भन्दा माथि क्षमता मापन गराएका विद्यार्थीहरू २० प्रतिशत मात्र रहेकाले समग्रमा छात्राहरूको निबन्ध लेखन क्षमता पनि सन्तोष गर्ने ठाउँ देखिदैन ।

(ज) मध्यमानका आधारमा छात्रहरूको निबन्ध लेखन क्षमतालाई हेर्दा मध्यमानभन्दा तल ६३.३३ प्रतिशत विद्यालयहरू देखिएको छात्रहरूको निबन्ध लेखन क्षमता कमजोर नै रहेको पुष्टि हुन्छ ।

(झ) समग्र विद्यार्थीहरूकोमध्ये छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थितिलाई हेर्दा अति कम क्षमता भएका विद्यार्थीहरू नरहेको सबैभन्दा बढी विद्यार्थीहरू मध्यम श्रेणीमा रहेकाले छात्राहरूको निबन्ध लेखन क्षमतालाई औसत वा सामान्य मान्न सकिन्छ ।

(ञ) समग्र छात्रा विद्यार्थीहरूकको क्षमतालाई समूहगत मध्यमानका आधारमा अध्ययन गर्दा सामन्य रूपमा सन्तोषजनक नतिजा पाउन सकिएन किनकि ४३.३३ प्रतिशत छात्राहरूले समूहगत मध्यममानभन्दा माथि निबन्ध लेखन क्षमता मापन गराउन सफल भएको तथ्यले यस कुराको सङ्केत गर्दछ ।

(ट) नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थितिलाई गणना गर्दा सन्तोषजनक भनिहाल्ने स्थिति देखिदैन यद्यपि औसत क्षमता ल्याउने विद्यार्थीको प्रतिशत बढी भएकाले नतिजालाई औसत तथा सामान्य मान्न सकिन्छ ।

(ठ) समूहगत मध्यमान भन्दा माथि ५१.२२ प्रतिशत विद्यार्थीहरू रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमतालाई सामान्य सन्तोषजनक रहेको देखिन्छ ।

(ड) नेपाली मातृभाषी इतर विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थितिलाई गणना गर्दा ६१ प्रतिशतभन्दा माथि क्षमता भएको विद्यार्थीहरूको सङ्ख्या १०.५१ प्रतिशत मात्र रहेकाले नेपाली मातृभाषी इतर विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्तर कमजोर रहेको पाइन्छ ।

(ढ) समूहगत मध्यमानभन्दा माथि ४७.३६ प्रतिशत विद्यार्थीहरू मात्र रहेकाले नेपाली मातृभाषी इतर विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको पुष्टि हुन्छ ।

(ण) समग्र मध्यमानका आधारमा ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले सरकारी विद्यालयका विद्यार्थीहरूको क्षमता राम्रो मान्न सकिदैन ।

(त) समग्र मध्यमानभन्दा माथि ४० प्रतिशत नै विद्यार्थीहरू नै रहेकाले निजी विद्यालयको विद्यार्थीहरूको क्षमता पनि कमजोर नै रहेको छ ।

(थ) समग्र मध्यमानका आधारमा छात्र छात्राको क्षमतालाई हेर्दा अधिकांश विद्यार्थीहरू मध्यमानभन्दा तल नै रहेकाले छात्र छात्रा दुवैको निबन्ध लेखन क्षमतालाई राम्रो मान्न सकिदैन ।

(द) समग्र मध्यमानका आधारमा ५१.२२ प्रतिशत नेपाली मातृभाषी विद्यार्थीहरू समग्र मध्यमानभन्दा माथि रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक मान्न सकिन्छ ।

(ध) समग्र मध्यमानलाई आधार मान्दा १५.७९ प्रतिशत विद्यार्थीहरू मात्रै मध्यमानभन्दा माथि रहेकाले नेपाली मातृभाषी इतर विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अतिकमजोर रहेको देखिन्छ ।

(न) सरकारी र निजी विद्यालयको विद्यार्थीहरूको निबन्ध लेखन क्षमता खास भिन्नता देखिदैन । दुवै समूहको परीक्षणबाट प्राप्त Z मान १.६३ भएबाट सो कुराको प्रष्ट हुन्छ ।

(प) लिङ्गका आधारमा छात्र छात्राको निबन्ध लेखन क्षमता तुलना गर्दा छात्र छात्राको निबन्ध लेखन क्षमता समान देखिन्छ ।

(फ) नेपाली मातृभाषी विद्यार्थीको तुलनामा नेपाली मातृभाषी इतर विद्यार्थीहरको निबन्ध लेखन क्षमता अति कमजोर देखिन्छ । Z मान ३.४२ भएकाले दुवै समूहको निबन्ध लेखन क्षमतामा स्पष्ट भिन्नता देखिन्छ ।

५.२ सुझावहरू :

यो अध्ययन कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचानमा केन्द्रित छ । समग्र अध्ययन गर्दा सरकारी र निजी दुवै तर्फका छात्र छात्राहरूको निबन्ध लेखन त्यति राम्रो देखिएन । यसका कारणहरूमा कक्षाकोठामा निबन्ध लेखन अभ्यासलाई कम महत्व दिनु मातृभाषी र विमातृभाषी विद्यार्थीलाई एउटै शिक्षण विधिको प्रयोग गर्नु आदिजस्ता कुराहरूलाई ध्यानमा राखी निबन्ध शिक्षण गरिनु आवश्यक देखिन्छ । अतः प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसार सुझाब दिन सकिन्छ ।

(क) भाषा पाठ्यपुस्तकमा विद्यार्थीहरूको कक्षा र स्तरअनुकूल निबन्धहरू छनोट गर्न सचेतना अपनाउनु पर्दछ ।

(ख) पाठ्यपुस्तकमा निबन्ध लेखन सम्बन्धी दिइएको अभ्यासमा मात्र क्रियाकलाप गराउने परिपाटीलाई निरुत्साहित गरी समस्यामाथि तथा अन्य शीर्षकहरूमा निबन्ध लेखन विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुपर्दछ ।

(ग) अध्ययन अध्ययपन गरिएको विषयवस्तुमा विद्यार्थीहरूलाई बुँदा टिपोट लगाई आदि मध्य र अन्त्यको निबन्धात्मक ढाँचा प्रस्तुत गर्न लगाउनु पर्दछ ।

(घ) निबन्ध शिक्षण गर्दा निबन्धको विधागत शिक्षणको विविध विधिहरूको प्रयोग गरिनुपर्दछ ।

(ङ) निबन्ध लेखन शिक्षण गराउँदा विद्यार्थीहरूलाई सिर्जनात्मक र मौलिक क्षमता विकास गराउनु जोड दिनु पर्दछ ।

(च) कतिपय विद्यालयमा निबन्धलाई घोक्ने र घोकाउने प्रचलन रहेकाले सो प्रक्रियालाई निरुत्साहित गरी विद्यार्थी स्वयम्लाई मौलिक निबन्ध रचना गर्ने अवसर उपलब्ध गराउनु पर्दछ ।

(छ) निबन्ध लेखन क्षमता लेखन सीप विकासका लागि महत्वपूर्ण कार्यकलाप भएको हुँदा कक्षा शिक्षणमा निबन्ध लेखन सम्बन्धी क्रियालापलाई अझ बढी प्राथमिकता दिनुपर्दछ ।

(ज) तालिम अप्राप्त शिक्षकद्वारा नेपाली विषय पढाइने परिपाटी अन्त्य गरी तालिम प्राप्त विषयशिक्षकद्वारा पढाउनु पर्ने नियमलाई कडाईका साथ लागु गरिनुपर्दछ ।

(झ) माध्यमिक कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखिएकाले यसको कारण सम्बन्धी अध्ययनलाई विशेष प्राथमिकता दिनुपर्दछ ।

(ञ) नेपाली मातृभाषीइतर विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखिएकाले दोस्रो भाषी विद्यार्थीहरूको पहिचान गरी समूह बनाई दास्रो भाषा शिक्षणको विधि अपनाई शिक्षण गर्न आवश्यक देखिन्छ ।

(ट) माध्यमिक तहमा शिक्षण गर्दा विद्यार्थीहरूलाई निबन्ध लेखनसम्बन्धी स्पष्ट प्रदान गर्ने तर्फ शिक्षणले सचेतना अपनाउनु पर्दछ ।

(ठ) निबन्ध लेखनमा निर्देशित  स्वतन्त्र र सिर्जनात्मक निबन्ध लेखनसम्बन्धी कार्यकलापलाई जोड दिनु पर्दछ ।

(ड) विद्यार्थीलाई निबन्ध लेखन विभिन्न शीर्षकहरू दिई बढी भन्दा बढी अभ्यासमा केन्द्रिंत गराउनु पर्दछ ।

(ढ) मातृभाषी विद्यार्थीहरूमा पनि निबन्ध लेखन क्षमता उत्कृष्ट नरहेकाले त्यस्ता विद्यार्थीहरूले लेखनकलामा सचेतना अपनाउनु पर्ने देखिन्छ ।

(ण) निबन्ध लेखन कार्यलाई गृहकार्यको रूपमा दिने परम्परा अन्त्य गरी कक्षा शिक्षणमा नै कार्यकलाप गराउनु पर्दछ ।  यसरी निबन्ध लेखन शिक्षणलाई अगाडि बढाएमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता विकास गर्दै लैजान सकिन्छ ।

(त) पर्यटकीय स्थलहरू ऐतिहासिक पुरातात्विक स्थलहरूको शैक्षिक भ्रमण गराई विद्यार्थीहरूलाई सोही ठाउँको बारेमा निबन्धात्मक लेख लेख्न लगाएर निबन्ध लेखन क्षमता बढाउन सकिन्छ ।

५.३ शैक्षिक प्रयोजन

लेखनकलाको विकास गराउने एउटा प्रमुख कार्यकलाप निबन्ध लेखन पनि हो । यो लेखक सीपसँग सम्बन्धित रहेको छ । अतः लेखाइ सीपको विकास गराउन निबन्ध लेखन गराउन आवश्यक हुन्छ । यस अनुसन्धानकर्ताले अध्ययनको निम्नलिखित शैक्षिक प्रयोजन भएको अनुभव गरेको छ ।

(क) यस अध्ययनबाट माध्यमिक तहमा नेपाली भापा पाठ्यक्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग मिल्नेछ ।

(ख) यस अनुसन्धानबाट विद्यार्थीहरूको क्षमता पहिचान गरी उचित निबन्धलेखनका उपर्युक्त शिक्षण विधि छनोट र प्रयोग गर्न आधार मिल्नेछ ।

(ग) निबन्ध लेखन क्षमतासँग सम्वन्धित अन्य अनुसन्धानका लागि यो अध्ययन आधार बन्नेछ ।

(घ) यस अध्ययनले विद्यार्थीहरूको लेखाइ क्षमताको मूल्याङकन गरी कक्षा शिक्षणमा सहयोग पुऱ्याउने छ ।

(ङ) यस अनुसन्धानले पाठ्यक्रम निर्माण तथा शिक्षण शिक्षिकाहरूलाई पाठ्यक्रम निर्माण तथा निबन्ध शिक्षण गर्न सहयोग मिल्नेछ ।

(च) यस अनुसन्धानले भाषाशिक्षण विधि तथा पद्धतिनमा थप अनुसन्धान गर्ने आधार मिल्नेछ ।

(छ) माध्यमिक तहमा निबन्ध लेखन शिक्षणको महत्वका बारेमा यस अध्ययनले प्रष्ट पारेको छ ।

(ज) यस अनुसन्धानले शिक्षणलाई निबन्ध लेखन शिक्षण गर्न आवश्यक निर्णय लिन सहयोग पुऱ्याउनेछ ।

५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

यस अनुसन्धान पश्चात यस अनुसन्धानसँग सम्वन्धित भावी अनुसन्धानकर्ताका निम्ति निम्नलिखित सम्भावित शीर्षकहरू उल्लेख गरिएको छ ।

(क) माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

(ख) कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

(ग) कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

(घ) दोस्रो भावी विद्यार्थीको निबन्ध लेखन क्षमताको अध्ययन

(ङ) सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन

(च) कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन

(छ) उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूले निबन्ध लेखन क्षमताको अध्ययन

(ज) स्नातक तह प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूको विबन्धलेखन क्षमताको अध्ययन ।

# सन्दर्भग्रन्थसूची


अधिकारी हेमाङ्गराज (२०५३), **नेपाली भाषा शिक्षण,** (ते.सं.) काठमाडौ : कुञ्जल प्रकाशन

.......................... (२०५३) **भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

.......................... (२०५६) **सामाजिक र प्रायोगिक भाषाविज्ञान**, काठमाडौ रत्न पुस्तक भण्डार ।

अधिकारी हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६१), **प्रारम्भिक नेपाली शिक्षण** ( चौ.सँ.) काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अवस्थी महादेव र पारसमणि भण्डारी तथा अन्य (२०५९) **सरल नेपाली व्याकरण र रचना** ( कक्षा ९ र १० ) काठमाडौं एकता बुक्स ।

अधिकारी, हेमाङ्गराज र बद्री विलास भट्टराई ( सम्पा. २०६१) **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौ : विद्यार्थी पुस्तक प्रा.लि. ।

आचार्य, होमप्रसाद (२०५४) **कक्षा पाँच पुरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन** ( अप्रकाशित एम.एड. शोधपत्र ) त्रि.वि.कीर्तिपुर ।

उपाध्याय, केशवप्रसाद (२०५९) **साहित्य प्रकाश,** (छै. सं.) काठमाडौ शाझा प्रकाशन ।

उपाध्याय गुरूप्रसाद (२०६०) **कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** ( अप्रकाशित एम.एड. शोधपत्र) त्रि.वि. कीर्तिपुर ।

कार्की, उपेन्द्र (२०५५) **शैक्षिक मापन तथा मूल्याङ्कन** , काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६१) **शैक्षिक अनुसन्धान पद्धति,** (दो.सं.) काठमाडौ : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स कीर्तिपुर ।

गौतम, देवीप्रसाद (२०५९) **नेपाली भाषा परिचय,** काठमाडौ साझा प्रकाशन ।

ज.ब.रा. स्वयंप्रकाश र अन्य (२०५८), **शिक्षामा मापन र मूल्याङ्कन,** काठमाडौ विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७) **भाषापाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,** काठमाडौ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्यटर्स ।

थापा, हिमांशु (२०५०) **साहित्य परिचय** (चौं. सं.), काठमाडौ : साझा प्रकाशन ।

थापा सुशीला (२०६१) **कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूमा लेख्य चिन्ह प्रयोग क्षमताको अध्ययन**, (अप्रकाशित एम.एड.शोधपत्र ) त्रि.वि. कीर्तिपुर ।

निरौला, दिपकबाबु **(२०६२), कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** (अप्रकाशित एम.एड. शोधपत्र ) त्रि.वि. कीर्तिपुर ।

पोखेल बालकृष्ण (२०३२), **नेपाली भाषा र साहित्य**, काठमाडौ : रत्न पुस्तक भण्डार

पोखरेल बालकृष्ण र अन्य (२०४०) **नेपाली बृहत शब्दकोश** (पाँचौ सं.) काठमाडौ : ने.रा.प्र.प्र. ।

बन्धु , चूडामणि (२०५२) , **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौ : रत्न पुस्तक भण्डार ।

भट्टराई, कमल (२०६९) **कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको अध्ययन** ,(अप्रकाशित एम.एड. शोधपत्र ) कन्काई बहुमुखी क्याम्पस सुरुङ्गा ।

भट्टराई, रामप्रसाद (२०६५) **भाषिक अनुसन्धान विधि**, काठमाडौ : शुभकामना प्रकाशन ताहाचल ।

भण्डारी, पारमाणि, रामनाथ ओझा र डोलाराज (२०६८) **भाषिक अनुसन्धान विधि**, काठमाडौ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

शर्मा, गोपीकृष्ण (२०५५) **नेपाली निबन्धको परिचय** (नवौं. सं.) काठमाडौ : रत्न पुस्तक, भोटाहिटी ,

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०) **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौ न्यू हिरा बुक्स इन्टरप्राइजेज कीर्तिपुर ।

सुवेदी, राजेन्द्र (२०४३) **स्रष्टा-सृष्टि,द्रष्टा दृष्टि**, काठमाडौ : साझा प्रकाशन ।

## परिशिष्ट क

निबन्धको शीर्षक

१. विद्यार्थी जीवनमा अनुशासनको महत्व

परिशिष्ट ख

## निबन्ध मूल्याङ्कन नमुना तालिका

निबन्धको अङ्क निर्धारण गर्दा अध्येताद्वारा निबन्धात्मक प्रस्तुतिलाई श्रेणी विभाजन गर्दै श्रेणी अनुसार रेजा लगाउँदै अन्त्यमा योगफल निकालिएको छ ।

विद्यालयको प्रकृति : निजी लिङ्ग : छात्रा

विद्यार्थीको नाम : शोभा कटुवाल मातृभाषा : नेपाली

निबन्ध शीर्षक : विद्यार्थी जीवनमा अनुशासनको महत्व

| विषयवस्तुको संयोजन | | | प्रस्तुतीकरण | | | | भाषिक शद्धता | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अत्युत्तम ३ | मध्यम २ | निम्न १ | अत्युत्तम ४ | मध्यम ३ | निम्न २ | निम्नतम १ | अत्युत्तम ३ | मध्यम २ | निम्न १ | १० |
| | ✓ | | | ✓ | | | ✓ | | | ८ |

## परिशिष्ट ग

नमुना छनोट गरिएका विद्यालयहरू

सरकारी तर्फ

१. श्री बालनिकुञ्ज माध्यमिक विद्यालय, सतासीधाम - ८, झापा

२. श्री राष्ट्रिय रमणीय आदर्श उच्च माध्यमिक विद्यालय, सतासीधाम - ९, झापा

३. श्री झिलझिले माध्यमिक विद्यालय , सतासीधाम - ५, झापा

निजी तर्फ

१. रेडरोज अंग्रेजी माध्यमिक विद्यालय, सतासीधाम - ८, झापा

२. मेची इङ्लिस सेकेन्डरी बोर्डिङ्ग स्कूल सतासीधाम - ८, झापा

३. ध्रुवतारा बोर्डिङ्ग स्कूल, सतासीधाम - ७, झापा